# अध्याय एक
# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा सम्बन्धी नयाँ नयाँ तथ्यहरूको खोजी गर्ने कार्य भाषिक अनुसन्धान हो । यो भाषासँग सम्बन्धित भएर गरिने अनुसन्धान हो । भाषिक अनुसन्धानका भाषा, भाषाविज्ञान, भाषाको इतिहास, पाठ्यक्रम, पाठ्यपुस्तक, नमुना अभ्यास, भाषा शिक्षण, साहित्य आदि विविध क्षेत्रहरूमध्ये प्रस्तुत अध्ययन विद्यार्थीहरूको भाषिक क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्यमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको विविध पक्षबाट अध्ययन विश्लेषण गरिएको छ । जसका लागि कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको क्षमतालाई मुख्य आधार बनाइएको छ ।

प्रस्तुत अनुसन्धान  झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूका निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा आधारित छ । यो शोधसँग सम्बन्धित भएर पूर्व अनुसन्धानले यस अध्ययनलाई सहयोग पुऱ्याएको छ ।  यस शीर्षकमा निकट भएर कक्षा ९ तथा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन जस्ता केही शीर्षकमा अनुसन्धान भएतापनि यस भन्दा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा यस भन्दा अगाडि अध्ययन अनुसन्धान नभएकाले यहाँ यही शीर्षकमा अनुसन्धान गर्न गरिएको हो ।

आजभन्दा अगाडि अन्य तहका निबन्धलेखन क्षमताको अनुच्छेद लेखन क्षमताको अध्ययन तथा लेख्य चिन्ह प्रयोग गरी क्षमताको अध्ययन जस्ता शीर्षकमा अनुसन्धान भएका छन् ।  त्रिभुवन विश्वविद्यालय अन्तर्गत निबन्ध लेखन क्षमताको विविध शीर्षकमा अध्ययन अनुसन्धान भएका छन् । निरौला (२०६२) द्वारा ‘कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन’, पौडेल (२०६४) द्वारा लिखित ‘नवलपरासी जिल्लाका कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन’, भण्डारी (२०६३) द्वारा ‘कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन’,  दौल्याल ( २०६४) ‘द्वारा कन्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन’ आदि शीर्षकमा गरिएका अनुसन्धानहरूले यस शोध कार्यको पृष्ठभूमिको काम गरेको छ ।

यस अनुसन्धान गर्ने क्रममा झापा जिल्लाका कक्षा ७ पूरा गरी कक्षा ८ मा अध्ययनरत सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गरिएको छ । जसका निम्ति सरकारी विद्यालयका ४५ र निजी विद्यालयका ४५ गरी जम्मा ९० जना विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाई प्राप्त प्राप्ताङ्कलाई तथ्याङ्कशास्त्रीय विश्लेषण गरी विद्यार्थीको क्षमता पहिचान गरिएको. छ । त्यसैले यस अनुसन्धानको पृष्ठभूमि भनेको नै भाषा शिक्षण हो ।

## १.२ समस्या कथन

भाषाशिक्षण भाषिक सिपको शिक्षण हो । यसमा विषयवस्तुको शिक्षण नभएर भाषिक सीपको शिक्षण हुन्छ । यसमा भाषाका चारैवटा सिपको सहसम्बन्ध गराई शिक्षण गरिन्छ । पढाइ, लेखाइ, सुनाइ, बोलाइ भाषिक सिपहरू हुन् । भाषा विचार विनिमयको सशक्त माध्यम भएकाले एक अर्कामा अन्तक्रियाको लागि पनि यसको आवश्यकता पर्दछ । यस्ता सीपहरूलाई एककालिक एकीकृत पद्धति र प्रक्रिया गरी शिक्षण गर्दा भाषा शिक्षण प्रभावकारी हुने देखिन्छ ।

भाषिक सीपको शिक्षण गराउने क्रममा लेखन एक महत्त्वपूर्ण पक्ष मानिन्छ । यस सीपल भाषालाई स्तरीयता, स्थायित्व, सृजनात्मक तथा प्रौढतातर्फ डोहोऱ्याउँछ । आफ्नो मनमा गुम्सिएर रहेका विचार र भावनाहरूलाई अरुसमक्ष प्रकट गर्ने एक महत्वपूर्ण सीपको रुपमा लेखन सीपलाई लिन सकिन्छ । त्यसकारण विद्यालयका तल्ला तह देखिनै विद्यार्थीहरूमा लेखन कलाको विकास गराउँदै लैजानु पर्ने देखिन्छ ।

हालको नेपाली पाठ्यक्रमले कक्षा ७ पूरा गरी कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूका लागि राखिएको निबन्धहरूको शिक्षणले विभिन्न उद्देश्यहरू राखिएको पाइन्छ । उद्देश्य अनुरुप निबन्ध लेखन भए नभएको पहिचान गर्न छात्रामा निवन्ध लेखनको क्षमता कस्तो छ ? निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ ? समग्र कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा निम्न समस्याहरू रहेका छन् ।

क) कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ ?

ख) सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन कस्तो छ ?

ग) छात्र र छात्रा बिचमा निबन्ध लेखन क्षमता कस्तो छ ।

ङ) कक्षा ७ पूरा गरेका विद्यार्थीहरूमा निबन्ध लेखन सम्बन्धी के -कस्ता कमीकमजोरी रेहका छन् ?

च) यस्ता समस्याहरूलाई समाधान गर्न के- कस्ता सुझावहरू प्रस्तुत गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

कुनै पनि विषयवस्तु तथा अध्ययन अनुसन्धानको निश्चित उद्देश्य निर्धारण गरिएको हुन्छ । यस्ता अध्ययन अनुसन्धानबाट सो उद्देश्य पूरा गराउने अपेक्षा गरिन्छ । उद्देश्य अनुरुपको प्रस्तुतिबाट शोधकार्य प्रभावकारी हुन्छ । यहाँ प्रस्तुत गरिएको कक्षा ७ पूरा गरेका विद्यार्थीहरूका निबन्धलेखन क्षमताको अध्ययनको निम्न उद्देश्यहरू रहने छन् ।

क) कक्षा ७ पूरा गरेका विद्यार्थीहरूका निबन्धलेखन क्षमता पहिचान गर्नु,

ख) कक्षा ७ पूरा गरेका सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

(ग) लैङ्गिक दृष्टिकोणबाट कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको तुलनात्मक स्थिति पत्ता लगाउनु ।

(घ) विद्यार्थीहरूका निबन्धलेखन सम्बन्धी कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाबहरू प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य /महत्त्व

कुनै कुराको अध्ययन अनुसन्धान गर्नु ज्यादै महत्त्वपूर्ण कार्य मानिन्छ । भाषा विनियमको माध्यम तथा समाजिक र मानवीय वस्तु भएकाले सामाजिक गतिविधिसँग यसको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । एक अर्कामा अन्तर्क्रिया गर्ने माध्यम भाषा भएकाले यो विचार आदानप्रदानका लागि महत्त्वपूर्ण मानिन्छ तर शैक्षिक गतिविधि र प्रशासनिक कामकाजका लागि लिखित प्रयोग गरिन्छ । भाषा लिखित रुपलाई महत्त्वका साथ हेरिन्छ । लिखित माध्यमबाट विभिन्न विधिहरू पनि प्रस्तुत गर्न सकिन्छ । लिखित माध्यमका रुपमा निबन्धलेखन शिक्षणलाई एक ज्यादै महत्त्वका साथ हेरिन्छ । साहित्यका विभिन्न विधा मध्ये निबन्धलाई एक उत्कृष्ट विधाका रुपमा लिइन्छ । यसबाट विद्यार्थीहरूको सृजनात्मक अभिव्यक्ति क्षमताको विकास गर्न सकिने भएकाले यस विधालाई ज्यादै महत्त्वपूर्ण विधा

मानिन्छ । साहित्यको एक उत्कृष्ट विधा भएकाले विद्यार्थीहरूको चौतर्फी विकासमा पनि यसको महत्त्वपूर्ण स्थान छ ।

विद्यार्थीहरूलाई आफ्नो क्षमता, सोचले विषयवस्तुको सामान्य जानकारी भए तापनि सृजनात्मकताको प्रयोग गरी विद्यार्थीहरूमा लेखन क्षमता कतिको छ ? आफ्नो शैली र मौलिकताको प्रयोग कसरी गर्न सक्छन् ? भनेर जानकारी प्राप्त गर्न पनि यस विधालाई ज्यादै महत्त्वपूर्ण मानिन्छ । पाठ्यक्रमले राखेका निबन्धलेखन सम्बन्धी उद्देश्यहरू पूरा भए नभए पनि जानकारी प्राप्त गर्न पनि यसलाई ज्यादै महत्त्वपूर्ण र औचित्यपूर्ण मानिन्छ ।

लेखनकलाको विकास गर्ने विभिन्न माध्यमहरू भए पनि निबन्धलेखनबाट आफ्ना सम्बन्धित विषयका आत्मानुभूतिहरू व्यक्त गर्न सकिने भएकाले यसको औचित्य ज्यादै रहेको पाइन्छ निबन्धलेखन सम्बन्धी धेरै अनुसन्धान भए पनि हालको समयमा यो राम्रो र उत्कृष्ट अनुसन्धान मानिन्छ ।

विद्यार्थीको स्तर तथा कक्षाको स्तर अनुरुप लेखन क्षमता रहे नरहेको पहिचान गर्न लेखन सीपसँग सम्बन्धित अनुसन्धान औचित्यपूर्ण मानिन्छ । यहाँ प्रस्तुत गरिएको अनुसन्धान झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनमा विद्यालयको प्रकृति, विद्यार्थीहरूको लैङ्गिकता तुलनात्मक अध्ययन साथै निबन्धलेखन क्षमतादेखिका पाठ्यक्रम निर्माता, भाषा शिक्षक, विद्यार्थी, पाठ्यक्रम आदिलाई सहयोग गर्ने भएकाले यस अध्ययनलाई औचित्यपूर्ण र महत्त्वपूर्ण मानिन्छ ।

समयको परिवर्तन सँगसँगै पाठ्यक्रम र पाठ्यसामग्री निर्माण, शिक्षण प्रक्रिया पद्धतिमा परिमार्जन गर्दै लैजानु पर्ने आवश्यकता तथा भाषिक क्षमता सम्बन्धी अध्ययन गर्ने आवश्यकताका लागि यो अनुसन्धान मार्गदर्शन बन्न सक्छ । विषयगत प्रश्नको समस्या समाधान गर्न तथा समय र परिस्थितिअनुसार आफ्नो लिखित अभिव्यक्ति लेखनकलाको आवश्यक परिष्कार परिमार्जन गर्दै लैजान सम्बन्धित व्यक्ति तथा निकायलाई प्रस्तुत अध्ययन ज्यादै महत्त्वपूर्ण र औचित्यपूर्ण देखिन्छ ।

## १.५ प्राक्कल्पना

कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनका क्रममा उनीहरूका बारेमा यस प्रकारको प्राक्कल्पना निर्माण गरिएको छ ।

क) सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता समान छ ।

ख) छात्र र छात्राको निबन्धलेखन क्षमतामा कुनै अन्तर  छैन ।

## १.६ अध्ययनको सीमाङ्कन

जुनसकै अध्ययन अनुसन्धानका क्रममा सीमा नतोकिकन अध्ययन गर्दा अध्ययन ज्यादै व्यापक हुनुका साथै निष्कर्षहरू उद्देश्यविहीन हुन सक्छन् । समयको अभाव, आर्थिक कठिनाइ तथा सामाजिक र भौगोलिक कारणले गर्दा अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न असम्भव हुने हुँदा यसलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन लागि एउटा निश्चित सीमा निर्धारण गर्नुपर्ने हुन्छ । त्यसैले यहाँ पनि प्रस्तुत शीर्षकलाई निम्न क्षेत्रमा सीमित गरिएको छ ।

क) झापा जिल्लाका सरकरी र निजी गरी ६ वटा विद्यालयलाई समावेश गरिएको छ ।

ख) ६ वटा विद्यालयका १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीहरू समावेश गरिएको छ।

ग) प्रस्तुत अध्ययन कक्षा ७ पूरा गरेका छात्र र छात्रामा सीमित रहेको छ ।

घ) प्रस्तुत अध्ययन नमुना जनसंख्याबाट प्राप्त तथ्याङ्कका आधारमा प्राप्त तथ्यलाई प्रतिशतमा रुपान्तरण गरी व्याख्या र विश्लेषण सीमित गरिएको छ ।

## १.७ अध्ययनको रुपरेखा

प्रस्तुत अध्ययनलाई निम्नलिखित ५ परिच्छेदमा विभाजन गरी विभाजन गरी प्रस्तुत गरिएको छ ।

१. पहिलो अध्याय :  शोध परिचय

२. दोस्रो अध्याय  :  पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखा

३. तेस्रो अध्याय  :  अनुसन्धान विधि

४. चौथो अध्याय :  व्याख्या र विश्लेषण

५. पाँचौं अध्याय :  उपसंहार

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रुपरेखा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा आफूले कुनै विषयवस्तुको अनुसन्धान गर्नु त्यस शीर्षकमा के कस्ता पूर्व अनुसन्धानहरू भएका छन् र ती पूर्व अनुन्धानहरूलाई समीक्षा गर्नुलाई नै पूर्वकार्यको समिक्षा भनिन्छ । आफूले गर्न लागेका अनुसन्धानका लागि यस सम्बन्धी पूर्व अनुसन्धानहरू के कस्ता भएका छन् भनेर जानकारी प्राप्त गर्नका लागि पूर्वकार्यको समीक्षाको आवश्यकता पर्दछ । आफूले गरेका अनुसन्धान यसभन्दा अगाडि कसैले यस शीर्षकमा अनुसन्धान गरेका छन् कि छैनन् भनेर जानकारी हासिल गर्नका लागि पूर्वकार्यको समीक्षा आवश्यक छ । पूर्वकार्यको समीक्षामार्फत नयाँ शीर्षकमा अनुसन्धान गर्न सहयोग पुग्छ । त्यस्तै पूर्व अध्ययनका सबल र दुर्बल पक्षहरूलाई केलाउँदै पृथक ढङ्गले अनुसन्धान कार्य गर्नका लागि सहयोग पुग्छ ।

अनुसन्धान गर्ने क्रममा नै यहाँ प्रस्तुत गर्न लागिएको झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूका निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा आधारित छ । यो शोधसँग सम्बन्धित भएर पूर्व अनुसन्धानलाई अध्ययन गर्दा यस शीर्षकमा निकट भएर कक्षा ९ तथा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन जस्ता केही शीर्षकमा अनुसन्धान भए तापनि झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा यस भन्दा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा यस भन्दा अगाडि अध्ययन अनुसन्धान भएकाले यहाँ यही शीर्षकमा अनुसन्धान गर्न लागिएको हो ।

आजभन्दा अगाडि अन्य तहका निबन्धलेखन क्षमताको अनुच्छेद लेखन क्षमताको अध्ययन तथा लेख्य चिन्ह प्रयोग गरी क्षमताको अध्ययन जस्ता शीर्षकमा अनुसन्धान भएका छन् ।

अधिकारी (२०५३) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न शीर्षकमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको उल्लेख गरिएकाले त्यसमा लेखाइ सीप विकास गर्न जोड दिएको देखिन्छ । यसमा लेखाइ सीपको महत्त्व, आवश्यता,

औचित्य, लेखाइ शिक्षणको क्रियाकलाप, लेखाइको शुद्धीकरण, अभ्यास र निर्देशित लेखनका साथै लेखाइ शिक्षणका  क्रममा पुऱ्याउनुपर्ने कुराका बारेमा चर्चा गरिएको छ ।

लामिछाने (२०५७)द्वारा नेपाली भाषा शिक्षण परिचय नामक पुस्तकमा विशेष गरी माध्यमिक तहमा विभिन्न विधाहरूको शिक्षण कसरी गर्ने भन्ने कुरामा केन्द्रित गरिएको पाइन्छ । २५ ओटा एकाइ रहेको उक्त पुस्तकको एकाइ ११ मा लेखाइ शिक्षण रहेको छ । यसअन्तर्गत लेखाइ शिक्षणको आवश्यकता, लेखाइ शिक्षणको कार्यकलाप, माध्यमिक तहमा लेखाइ शिक्षणको महत्त्व तथा लेखाइ शुद्धीकरण जस्ता उपशीर्षकहरूको चर्चा गरिएको छ । त्यसको एकाइ १९ मा निबन्ध शिक्षण रहेको छ । जसअन्तर्गत निबन्ध शिक्षणको  प्रयोजन, निबन्ध शिक्षण विधि, निबन्ध शिक्षणको कम र निबन्ध शिक्षणका कार्यकलापहरू रहेका छन्।

बज्राचार्य(२०५९) द्वारा लिखित कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको एक अध्ययन शीर्षकमा अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य कक्षा ८ का विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, यसका कमिकमजोरीहरू पत्ता लगाउनु र सुधारका लागि सुझाव दिनु रहेको पाइन्छ । यस अध्ययनमा नमुना छनोटका रुपमा ललितपुर जिल्लाका ५ ओटा विद्यालयका १२५ जना विद्यार्थीहरू रहेका छन् । सामाग्री सङ्कलनका लागि मानिस शीर्षकमा बुँदा लिएर अनुच्छेद लेख्न लगाइएको छ । यसै आधारमा २४ प्रतिशत विद्यार्थीहरू अनुच्छेद लेखनमा सक्षम रहेको निष्कर्ष निकालिएको छ । यही निष्कर्षका आधारमा कमिकमजोरीहरू सुधार गर्न १३ ओटा सुधारका सुझावहरू पनि प्रस्तुत गरिएको छ ।

त्यस्तै शर्मा र  पौडेल(२०६०) सहलेखनमा तयार पारिएको 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा नेपाली भाषाका साथै साहित्य शिक्षण गर्न ज्यादै उपयोगी मानिन्छ । यसमा लेखन सीपसँग सम्बन्धित क्रियाकलापहरू, यान्त्रिक, निर्देशित, स्वतन्त्र तथा सृजनात्मक अभिव्यक्ति क्षमता सम्बन्धी चर्चा गरिएको पाइन्छ । यसमा निबन्धलेखनको प्रमुख प्रयोजन लेखनकलाको समुचित विकास गर्नु हो भन्दै यसको शिक्षणका  क्रममा प्रचलित विधिहरूको चर्चा गरिएको छ ।

अधिकारी र  शर्मा (२०६१) को सहलेखनद्वारा तयार पारिएको प्रारम्भिक नेपा.शिक्षण  नामक पुस्तकको उल्लेख्य मानिन्छ । खासगरी माध्यमिक तहको पाठ्यक्रममा आधारित रहेर तयार पारिएको भए पनि नेपाली भाषा को शिक्षण प्रशिक्षणका क्षेत्रमा निर्माण गरिने विभिन्न पाठ्यक्रमहरूका लागि अत्यन्तै उपयोगी हुने देखिन्छ । नेपाली भाषा शिक्षा

शिक्षणसँग सम्बन्धित यस पुस्तकमा शिक्षण अन्तर्गत लेखाइ शिक्षणको आवश्यकता प्रारम्भिक तहमा लेखाइ शिक्षणको स्तर निर्धारण, लेखाइ शिक्षणका कार्यकलाप, निर्देशित स्वतन्त्र र सिर्जनात्मक लेखाइ, लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षकहरूमा चर्चा गएिको पाइन्छ । यस पुस्तकमा लेखाइ शिक्षणको स्तर निर्धारण लेखाइ शिक्षणका कार्यकलाप निर्देशित स्वतन्त्र र सिर्जनात्मक लेखाइ शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षक आबद्ध गरी लेखाइ शिक्षण सम्बन्धी चर्चा गरिएको छ । लेखाइ शिक्षणका कार्यकलाप अन्तर्गत प्रबन्ध लेखन भनी उल्लेख गरिएको उपशीर्षकमा विचारको श्रृङ्खलावद्ध प्रस्तुति नै प्रबन्ध वा निबन्ध हो भनी परिभाषित गरिएको पाइन्छ । निर्देशित स्वतन्त्र र सिर्जनात्मक रूपमा वैचारिक प्रस्तुति निबन्धमा गरिने प्रसङ्गलाई कोट्याइएको छ ।

निरौला (२०६२) द्वारा 'कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोध पाइन्छ । यसले पनि यहाँ प्रस्तुत गरिएको शोधमा भरपुर सहयोग गर्दछ । यस अध्ययनका उद्देश्यहरू कक्षा ९ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता तुलना गर्नु उनीहरूको कमिकमजोरीहरू पत्ता लगाई तिनीहरूलाई निराकरण गरी सुझाव दिनु रहेका छन् । यस शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा नमुनाको रुपमा काठमाण्डौ उपत्यकाका १२ वटा विद्यालयका जम्मा १२० जना विद्यार्थीहरू रहेका छन् । प्रस्तुत शोधमा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको, विमातृभाषी नेपाली विद्यार्थीहरूको तुलनामा मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी रहेको, छात्रको तुलनामा छात्राको निबन्धलेखन क्षमता राम्रो रहेको निष्कर्ष पाइन्छ । यस क्रममा देखिएका कमिकमजोरीहरू निराकरणका लागि १६ वटा सुझावहरू समेत प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा विद्यालय र विद्यार्थीहरूको तुलनात्मक अध्ययनले यसका केही पक्ष समेटेको भए पनि विद्यार्थीको स्तर र क्षमताको व्यवास्था गरेजस्तो पाइन्छ । यी सम्पूर्ण कुराहरूलाई यहाँ प्रस्तुत गरिने शोधमा समावेश गरिने छ ।

भण्डारी (२०६३) द्वारा तयार पारिएको 'कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन नामक शोधमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताका विकास, सृजनात्मक क्षमताको विकासका साथै सरकारी र निजी विद्यालयका

विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्नु, ग्रामीण र सहरी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्नु, छात्र र छात्राको निबन्धलेखन क्षमताको अध्ययन गर्नु रहेको छ । यसमा पनि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी नमुना छनौटका रुपमा उपत्यकाका सरकारी र निजी गरी १० वटा विद्यालयका १० जना विद्यार्थीहरूलाई लिइएको छ । नमुना छनौटको परीक्षणबाट प्राप्त निष्कर्षलाई प्रतिशतमा रुपान्तरण गरी त्यसैका आधारमा व्याख्या तथा विश्लेषण गरिनुका साथै कमी कमजोरीहरूलाई औंल्याउँदै सुझावसमेत प्रस्तुत गरिएको छ ।

दौल्याल (२०६४) 'द्वारा कन्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधमा कन्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता तुलना गरी छात्रको तुलनामा छात्राको निबन्धलेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । स्नातकोत्तर उपाधि प्रयोजनका लागि प्रस्तुत गरिएको उक्त शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा नमुना छनौटमा कन्चनपुर जिल्लाका चार गा.वि.स.का विद्यालय र चार नगरपालिकाका विद्यालय परेका छन् । तथ्याङ्क सङ्कलनका निम्ति उक्त शीर्षकमा सम्बन्धित विद्यालयका ८० जना विद्यार्थीहरू लिइएको छ । यसबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रुपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ । उक्त अनुसन्धानमा देखिएका कमजोर पक्षलाई संसोधन गरी बुँदागत रुपमा १२ वटा सुझाब, ७ वटा अध्ययन सीमा र भावी अनुसन्धानका लागि सम्भावित शीर्षक प्रस्तुत गरिएको छ । यसबाट पनि यहाँ प्रस्तुत गरिएको अनुसन्धानलाई सहयोग पुग्छ ।

त्यसै गरी पौडेल (२०६४) द्वारा लिखित 'नवलपरासी जिल्लाका कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' मा भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक अध्ययन गरी समग्रमा कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको लेखाइ अभिव्यक्ति क्षमता कमजोर रहेको पाइन्छ ।

पाण्डे (२०६६)द्वारा 'उ.मा.वि. (कक्षा १२) मा अध्ययरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' मा लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको भिन्नता ग्रामीण तथा सहरी परिवेशका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको तुलना रहेको छ ।

समग्रमा पूर्वकार्यको समीक्षा गर्दा जुनसुकै शीर्षकमा निबन्धलेखन क्षमताको अध्ययन गरिएको भए तापनि ग्रामीण र सहरी क्षेत्रका विद्यार्थीहरूको, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको, छात्र र छात्रा विद्यार्थीहरूको, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अध्ययन र तुलनात्मक अध्ययन गरिएको पाइयो । त्यस्तै सम्बन्धित तहको विद्यार्थीहरूका निबन्धलेखनमा देखिएका कमिकमजोरीहरू पत्ता लगाई तिनीहरूको निराकरण तथा समाधानका लागि सुझाव समेत प्रस्तुत गरिएको पाइन्छ । यी अनुसन्धानलाई हेर्दा विभिन्न क्षेत्र र तहका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको पाइन्छ । विद्यार्थीको स्तर र क्षमता अनुसारकै अध्ययन गरिएको छ । यहाँ गरिएको अध्ययनमा पनि यी लगायत अन्य विविध पक्षलाई समेटेर अध्ययन गरिएको छ र यहाँ देखिएका कमिकमजोरीहरूलाई सुधार गर्ने प्रयास गरिएको छ ।

यसरी पूर्वकार्यको समीक्षा गर्दा शोधार्थीहरूले निबन्धलेखन क्षमताको अध्ययन गरे तापनि उनीहरूले झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन यसभन्दा अघि कसैबाट पनि गरिएको नपाइएकाले प्रस्तुत अध्ययनलाई पूर्वकार्यको पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ ।

## २.२ अध्ययनमा पूर्वकार्यको उपयोगिता

अनुसन्धानको क्रममा अनुसन्धेय विषयसँग सम्बन्धित सम्पन्न गरिएका विभिन्न अध्ययनको कार्यहरूले महत्त्वपूर्ण सहयोग पुऱ्याउने गर्दछ । प्रस्तुत शोध कार्य विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन भएकाले माथि उल्लेखित पूर्वकार्यको समीक्षालाई उपयोग गरिएको छ । त्रिभुवन विश्वविद्यालयबाट विभिन्न शीर्षकमा गरिएको निबन्धलेखन क्षमताको अध्ययनले प्रस्तुत अध्ययनले व्यवस्थित ढङ्गले अघि बढ्न मार्गदर्शन प्रदान गरेको छ । शोध प्रस्ताव तयार गर्नदेखि लिएर अथ्याङ्क संकलन र विश्लेषण गर्न समेत पूर्व कार्यको समीक्षालाई उपयोग गरिएको छ । पूर्व कार्यको समिक्षाबाट आफ्नो शोधकार्यको प्रयोजन र प्रकृतिसँग भएका समानता तथा यस विषय गर्न बाँकी चुनौतिपूर्ण कामहरू र विद्यमान समस्याहरूको निर्क्याल निकाल्न समेत उपयोग गरिएको छ । प्रस्तुत अध्ययन निबन्धलेखन क्षमताको अध्ययन भएकाले निबन्धलेखन क्षमताका सम्बन्धका बारेमा विभिन्न पत्रपत्रिकामा गरिएका टीका टिप्पणीलाई पनि उपयोग गरिएको छ । अतः प्रस्तुत शोधकार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन पूवकार्यको समीक्षालाई उपयोगमा ल्याइएको छ ।

## २.३ सैद्धान्तिक  रुपरेखा

### २.३.१ पृष्ठभूमि

भाषा यादृच्छिक मानवीय वाक् विनिमयको प्रमुख साधन हो । मानव विकाससँगै भाषाको पनि क्रमिक विकास भएको पाइन्छ । सुरुमा औच्चार्य वा कथ्य भाषाका रूपमा रहेको भाषाको रूपमा रहेको भाषा नै पछि आएर लिपिवद्ध हुन थालेको पाइन्छ । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै क्रमशः स्तरीयता प्रदान गर्न थाल्यो । भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न थालेपछि यसका प्रमुख दुई भेद देखिन थाले । छन्दशास्त्रीय नियमअनुसार छन्दमा बाँधिएको भाषाको साहित्यिक रूपलाई पद्य र छन्दमुक्त साहित्यिक भाषिक स्वरूपालाई गद्य भन्न थालियो । लेख्य भाषाका यी प्रमुख भेद मध्ये निबन्ध गद्य भाषामा लेखिने आस्वादनका दृष्टिले साहित्यको श्रव्य भेद अन्तर्गत पर्ने आधुनिक साहित्यिक विधा हो । निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्म र वस्तु दुबै वा कुनै एक पक्षमा केन्द्रित तथा सुरुमा आभ्यासिक र पछि गएर स्वतःस्फूर्त पनि हुन सक्ने रमाइलो र गद्य छोटोगत विधा गद्यको अभिव्यक्ति क्षमता सबल र पौढ हुँदै गएपनि सिर्जित वस्तुको प्रकाशन, प्रसारण, विचरण र संरक्षण एवम् स्वपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सिर्जना हुन थाल्यो । यसकारण विश्वसाहित्यमा निबन्ध कनिष्ठतम् विधा हो । (सुवेदी, २०५६: १) यसैको परिणामस्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्याकाशको कान्छो विधाको रूपमा देखापरेको छ ।

मानिसका मनमा नानाथरि कुराहरू व्यक्त अव्यक्त भएर रहेको हुन्छ । ती कुराहरू पानीको भल आउँदा झै एकैचोटि बाहिर निस्कने हुँदा व्यवस्थित अव्यवस्थित तवरले आउने गर्छन । यस्तो अवस्थामा अध्यापन र साधनाको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ । किनभने निबन्ध लेखन पनि एउटा कला हो । साधना र अभ्यासले कलामा चमक ल्याउँछ । अध्यापन र अभ्यासले अभिव्यक्तिलाई खिलिरो र प्रौढ बनाउँछ । जसले गर्दा अभिव्यक्तिमा परिपक्वता आउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्वता आउँछ निबन्ध पनि  त्यतिकै प्रौढ बन्न पुग्छ । हुन पनि जलाशयमा जत्रो भाँडो डुबायो त्यति मात्र पानी निकाल्न सकिन्छ । भाषिक सीप र प्रस्तुति सामर्थ्यले निबन्धमा पनि यस्तै काम गरेको हुन्छ । अनुमति जतिसुकै तीब्र किन नहोस् अभ्यास  नभएमा त्यसले विकसित रूप लिन सक्दैन । त्यसैले निरन्तर अभ्यास र साधना र विनानिबन्ध लेखन क्षमतामा अधरोपना आउन सक्छ ।

निबन्ध एक छोटो र छरितो गद्य विधा हो । निबन्धको विषय धुलाको मसिनो कणदेखि विशाल ब्रम्हाण्डसम्म जुनसुकै हुन सक्दछ । निबन्धमा कुनै विषयमा आफू मिसिएर अथवा तटस्थ रहेर वर्णन गरिएको हुन्छ । निरन्तर अभ्यास र साधनाबाट लेखनकलाको विकास हुने गर्दछ । निबन्ध एक प्रस्तुतिगत चमकता पाइने विधा हो । यो आदि मध्य र अन्त्यको संगठनमा आबद्ध हुन्छ । साहित्यका अन्य विधाहरूको छाप पनि निबन्धमा पाइन्छ ( कार्की, २०७०:१२) ।

वस्तुतः वास्तविक वा काल्पनिक विषयवस्तुमा केन्द्रित, छोटो , छरितो, खँदिलो, सुगठित र आलङ्कारिक भाषाशैलीयुक्त छोटो - छरितो अनुच्छेदमा विभक्त हार्दिक अनुभूतिको रागात्मक पोखाइ भएको ललित गद्यबन्धनमा संरचित, साहित्यिक रचना नै निबन्ध हो ।

## २.३.२ निबन्ध : व्युत्पत्ति र अर्थ

'निबन्ध' शब्दको अर्थ पूर्वीय एवम् पाश्चात्य विद्ववानहरूले आ-आफ्नै किसिमले अर्थ लगाएका छन् । तैपनि यस शब्दको उच्चारण गर्ने वित्तिकै पाठक र समालोचकका मनमा एउटा बिम्ब आउँछ त्यो ललित गद्य भाषाको छोटो संरचना हो निबन्ध । पूर्वीय साहित्य इतिहासलाई नियाल्दा निबन्धको शाव्दिक प्रयोग निम्नानुसार हुँदै आएको भेटिन्छ । नि उपसर्ग लागेको बन्ध धातुमा धञ प्रत्यय हुँदा निबन्ध शब्द बन्दछ र यसको शब्दार्थ वा मौलिक अर्थ राम्ररी बाँध्नु हो (उपाध्याय, २०५८:१६०) ।

भगवत् गीतामा ' निबन्धायासुरी मता' भनेर सांसारिक मायामा बाँधिने अर्थमा निबन्ध शब्द आएको छ भने हेमचन्द्रले यसको प्रयोग सङ्ग्रहग्रन्थ, बन्धन र मूत्ररोग निरोध का अर्थमा निबन्धको प्रयोग गरेको छन् । प्राचीन कालमा लेख लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाँध्ने वा सिउने जुन क्रिया हुन्थ्यो त्यसैलाई बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो । (हिन्दी साहित्यकोश, ज्ञानमण्डल लिमिटेड, वनारस, सं. २०१५) । कागत र मुद्रणयन्त्रको आविष्कार भइनसकेको प्राचीन समयमा लेखकहरूले भोजपत्र वा ताडपत्रमा लेख्नु र आफ्नो लेखोट हराएर, नासिएर जालान भनी सिलसिला मिलाएर तिनलाई राम्ररी सूत्रमा उनेर राख्नु आवश्यक देखियो । त्यो उन्ने काम राम्ररी हुनुपर्छ । वामन शिवराम आप्टेद्वारा सम्पादित संस्कृति-हिन्दी शब्दकोशमा निबन्धका बाँध्नु, जोड्नु, आशक्ति, रचना, कुनै साहित्यिक ग्रन्थ वा कुनै कृतिको टीका, कुनै सङ्ग्रह, शृङ्खला आदि अनेक अर्थ दिइएको छ ( उपाध्याय,२०५८:१६०)।

पश्चिममा साहित्यिक विधा विशेषका अर्थमा 'निबन्ध' शब्दको प्रयोग सन् १५८० मा फ्रान्सका विद्वान् मोन्तेन बाट भएको हो । शब्द व्युत्पत्तिको विकासलाई हेर्दा ग्रीसेली भाषाको एसाइज शब्दबाट अंग्रेजीमा एस्से भएको हो । यसको मौलिक अर्थ प्रयास वा प्रयत्न हो । ( थापा २०५०: १८५) अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्लिसमा यसलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक रचना पनि भनिएको छ । नेपाली साहित्यमा सामान्यतया निबन्ध यसैको पर्यायका रूपमा प्रयुक्त छ (उपाध्याय २०५८ : १६१) ।

'निबन्ध' शब्द संस्कृतिबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको हो । यसको शाब्दिक अर्थ हुन्छ पूरै बन्धन गर्नु वा कसिएको रूप, तर साहित्यिक विधामा निबन्ध शब्द अंग्रेजीको एस्से शब्दको पर्यायवाची भए आएको छ । कुनै पनि विषयमा आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति निबन्धको अर्थ हो । कुनै वस्तु वा विषयबारे त्यसको स्वरूप, प्रकृति र गुण दोषमा लेखकको निजी चिन्तनधारा निबन्धले बोकेको हुन्छ । वास्तवमा आज निबन्ध शब्द ल्याटिन एलिग्जियर फ्रेन्चको एसाइज र अंग्रेजीको एस्सेको अनुवाद भएर देखा परेको छ ।

यसको शाव्दिक अर्थ हुन्छ परीक्षण र प्रयत्न । निबन्ध बढी सरल, स्वच्छन्द आडम्बरहीन व्यक्तित्वमिश्रित र पाठकसँग नजिकको साइनु राख्ने खालको हुन्छ । छरिएर रहेको चिन्तनभित्र पनि अन्तः सम्बन्ध र उन्मुक्त अभिव्यक्तिभित्र पनि नियमित रखाइ निबन्धको आफ्नो विशेषक्षमता हो । वर्तमान समयमा निबन्धको शाव्दिक अर्थसँग अझ स्पष्ट हुन नेपाली शब्दकोशका शाब्दिक अर्थहरूलाई नियाल्नु सान्दर्भिक ठानिन्छ ।

नेपाली बृहत शब्दकोश ( ने.रा.प्र.प्र.काठमाण्डौ, २०५०: ७३१) मा निबन्ध शब्दको अर्थ यसरी लगाइएको छ : कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा निबन्ध हो ।

अधिकारी र भट्टराई (२०६१), (सम्पा.) प्रयोगात्मक शब्दकोश विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. काठमाण्डौ, मा निबन्ध शब्दको अर्थ निम्नानुसार दिइएको छ । 'कुनै वस्तु विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति भएको गद्यरचनाको एक विधा प्रबन्ध /निबन्ध आत्मपरक र वस्तुपरक दुवै शैलीमा लेखिन्छ।'

यसरी हेर्दा निबन्ध साहित्यिक विधाहरूमध्ये एक गद्य विधा हो । यसमा विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति हुन्छ । निबन्धकारको शैलीअनुसार आत्मपरक र वस्तुपरक

गरी निबन्धलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । वर्तमान निबन्धको अर्थ बन्धनको नजिक नजिक छ र अर्थसंकोच भई साहित्यको एक विधाको रूपमा प्रयुक्त छ । साहित्यका गद्य र पद्य गरी दुई प्रमुख पाटामध्ये गद्य भएर पनि अझ आख्यानहीन आत्माको रागात्मक अनुभूतिको प्रस्तुति, ललित शैली, छोटो बसाइमा पढिसकिने गद्य भाषामा लेखिएको रचना नै निबन्ध हो ।

२.३.३ निबन्धको परिभाषा

फ्रान्स र बेलायतमा निबन्धको जन्म ईस्वीको सोह्रौ शताब्दिको उत्तरार्द्ध ई. १५८० मा भएको हो । यसको श्रेय फ्रान्समा मोन्तेन र बेलायतका बेकनलाई जान्छ । मोन्तेनले उन्मुक्त रूपमा साना साना आकारका गद्य रचनामा भावना प्रवाह वगाएका छन् । उनले नयाँ ढङ्गबाट नयाँ कुरा लेख्ने प्रयत्न गरे र त्यो प्रयत्न नै एस्से वा निबन्ध विधाका रूपमा स्थापित भएको हो । आफ्ना प्रयत्न बारे मोन्तेनको विनम्र भनाइ यस्तो छ :- ' यी मेरा स्वच्छन्द कल्पना विलास हुन यिनबाट म कुनै नौलो वस्तुको आविष्कार गरेँ भन्ने स्वाङ् पार्दिन र मेरो काम केवल आफ्नो हृदय खोलेर देखाउनु हो । ' बेकनले ई १५९६ मा निबन्धकलालाई अंग्रेजीमा भित्र्याएका हुन् । उनको भनइ छ 'निबन्ध विकीर्ण चिन्तन हो ।'

हड्सनले आफ्नो पुस्तक 'एन इन्ट्रोडक्सन टु द स्टडी अफ लिटरचर' मा भनेका छन् , "मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारलाग्दोपनाको अभाव ।"

हिन्दीका आचार्य रामचन्द्र शुक्लको विचारमा 'यदि गद्य कविहरूको कसी हो भने निबन्ध गद्यको कसी हो । '

महाकवि लक्ष्मीप्रसाद देवकोटा निबन्धका बारेमा भन्छन् : "यो टेबिल गफ हो , चस्मादार अध्यापकको व्याख्यान होइन, न त बमनवेदान्त । यसमा ठर्रोपना हुँदैन , यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ " ( देवकोटा, २०६४:४) ।

हृदयचन्द्रसिंह प्रधानका विचारमा निबन्धमा लेखकले कलमको पछि-पछि दौडेर मात्र पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नुपर्छ । परिमार्जित र परिपक्व दृष्टिकोणलाई व्यङ्ग्य , हाँस्य र ठट्यौलीपन मामुली तवरबाट पोख्दै जानुपर्छ ।

बालकृष्ण पोखरेलका विचारमाः सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मकता हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेर अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।

बदरीनाथ भट्टराईका विचारमा : निबन्ध सत्य वस्तु देखाउने लेखकीय अन्तर्न्योतिको शाब्दिक स्वरूप हो ।

माथि उल्लेख गरिएका परिभाषाहरूको आधारमा के भन्न सकिन्छ भने कविता जस्तै निबन्धलाई पनि निश्चत परिभाषामा बाँध्न सकिन्न, तर पनि विभिन्न विद्वानहरूको पृथक्-पृथक् धारणामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले निबन्धका केही आवश्यक तत्त्वहरूको उल्लेख गरेको पाइन्छ । यसै पृष्ठभूमिमा आवश्यकताको दृष्टिले निबन्धमा गद्यात्मकता, लघुता, वैयक्तिकता, घनिष्ठता हुनुपर्दछ  भन्न सकिन्छ । संक्षेपमा निबन्धमा वैयक्तिक विचार वा अनुभूति विशेषको गद्यात्मक अभिव्यक्ति हुन्छ ।

वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो त्यसैले साहित्यमा अन्य विधाका तुलनामा निबन्ध मुक्तक कविताको धेरै नजिक हुन्छ । निबन्धमा कथाको एकोन्मुखता, एकाङ्कीको तीव्रता र समालोचनाको निर्भीकता र निष्पक्षता हुन्छ । एकातिर गीतको सरलता, सरसता र कोमलता हुन्छ भने अर्कातिर त्यही गीतिशिल्पको कलात्मक तीव्रता र प्रभावोत्पादक हुन्छ । अनुभूतिको तीक्ष्णता, विचारको सशक्तता कल्पनाको तीव्रतालाई निबन्धका आवश्यक गुणको रूप लिन सकिन्छ ।

## २.४ भाषिक सीप र निबन्ध विधा

### २.४.१ भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र लेखाइ सीप

#### २.४.१.१ भाषापाठ्क्रम

भाषा मानवीय वस्तु हो । मान्छेका मनमा लागेका कुराहरूको आदानप्रदान तथा सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम भाषा हो । समुदायमा सम्पूर्ण ज्ञानविज्ञान तथा क्रियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेकै हुन्छ । विद्यार्थीहरूमा भाषिक सीप विकासका निमित्त भाषापाठ्यक्रमको आवश्यकता पर्दछ । भाषापाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषाशिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्ग दर्शकको काम गरेको हुन्छ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषापाठ्यक्रमअन्तर्गत पर्दछन्।

वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अरु पाठ्यक्रम जस्तै गरी भाषापाठ्क्रमले पनि विद्यालयभित्र र बाहिर विद्यार्थीहरूले गर्ने सम्पूर्ण अनुभवलाई समेट्दछ । भाषिक सीपसँग सम्बन्धित बोधअन्तर्गत श्रुति र पठन तथा अभिवयक्तिअन्तर्गत श्रुति र पठन तथा अभिव्यक्रिअन्तर्गत बोलाइ र लेखाइ सीपहरू पर्दछन् । कुनै पनि तह वा कक्षाका लागि भाषाशिक्षण गर्न वा लक्षित भाषाका सीप र समभ्रुहरू स्तर अनुकूल विकासका लागि निर्माण गरिने मार्गदशृक कार्यक्रम भाषापाठ्यक्रम हो (शर्मा र पौडेल, २०६०) ।

### २.४.१.२ भाषा पाठ्पुस्तक

जुनसुकै शिक्षा व्यवस्थामा पनि पाठ्यपुस्तकको जरुरत पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण कार्यक्रम पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् । पाठ्यपुस्तक शिक्षक विद्यार्थी दुवैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्यपुस्तकले गर्दछ । पाठ्यपुस्तकले विद्यार्थीहरूलाई गृहकार्य, पुनरावृत्ति र अभ्यास गर्नु सहयोग गर्दछ । पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई 'मुद्रित शिक्षक' समेत भनिन्छ (अधिकारी र शर्मा, २०६१: २४) ।

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप लेखिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रम अनुरूप तयार गरिएको हुन्छ । यो भाषाशिक्षण सिकाइको महत्त्वपूर्ण आधिकारिक सामग्री हो । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपूस्तक त्यसैको व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक वौद्धिक पक्षका साथै उनीहरूको रुचि, आवश्यकता तथा सिकाइ प्रवृतिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुन्छ । भाषापाठ्यपुस्तकहरूमा भाषा साधन र विषयवस्तु साध्यवस्तु हुन्छ भने भाषापाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुवै हुन्छ । यसको अर्थ भाषापाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रूपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

२.४.१.३ लेखाइ सीप

भाषापाठ्यक्रमको निर्देशनमा भाषापाठ्यपुस्तकको निर्माण गरिन्छ । भाषापाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुवै रूपमा समावेश गरिएको हुन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइसँग भाषापाठ्यक्रम तथा पाठ्यपुस्तक केन्द्रित रहन्छन् । भाषाद्वारा व्यक्तिले एक अर्काको विचार तथा भावनाको आदान प्रदान गर्छ । यस्तो आदानप्रदानमा यिनै चार सीपहरू संलग्न हुन्छन् । यी मध्ये सुनाइ र पढाइ बोध वा आदानत्मक प्रकृतिका भाषिक सीप हुन भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् । आफ्ना मन मस्तिष्कमा रहेका भाव एवम् विचारलाई लिपिचिन्हहरूको प्रयोगद्वारा सिलसिला मिलाइ व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लिपिचिन्ह, लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीमा लेखनसीप विकास गराउन चित्रवर्णन, अनुलेखन, श्रुतिलेखन, चिठीलेखन, भाव व्याख्या, कथालेखन, कवितालेखन अनुच्छेदलेखन, प्रतिवेदन, निबन्ध लेखन जस्ता लेखनकलासँग सम्वन्धित कार्यकलापहरू गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञान हुनु लेखाइ सीप विकास गर्न महत्त्वपूर्ण कुरा हो (कार्की, २०७१ : १७) ।

भाषाका चारै सीपहरू एक आपसमा सम्बन्धित छन् । यिनीहरूको आआफ्नै महत्व रहेको हुन्छ । मूलतः लेखाइकला मार्फत आफूले आर्जेका ज्ञान तथा अनुभवहरूलाई भविष्यका लागि सञ्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ, पढाइ सीपहरूभन्दा लेखाइ सीपको अझ महत्त्व रहेको छ भन्न सकिन्छ ।

२.४.२ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

आफ्ना अनुभव एवम् विचारलाई लिपिवद्ध गर्नु लेखाइ हो । लिपि चिन्ह लेख्ने योग्यता सही हिज्जेको जानकारी तथा आफ्नो विचार कसरी अभिव्यक्त गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षणलाई लेखाइ शिक्षण भनिन्छ लेखाइ अभिव्यक्ति को विशिष्ट सीप हो । आफ्ना अनुभव एवम् विचारलाई विस्तृत परिवेश दिँदै प्रस्तुत गर्न र आफ्ना अभिव्यक्तिहरूलाई पछिसम्म उपयोगी हुन सक्ने बनाउन लेखाइको आवश्यकता पर्दछ । लेखाइ क्षमताको विकास गराउन विद्यार्थीहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथ साथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताको आधारमा सचेत गराउन लेखाइ

शिक्षणको आवश्यकता पर्दछ । आफूले आर्जेका सामाजिक साँस्कृतिक आदि पक्षका ज्ञान तथा अनुभवहरूको विवरण अरु समक्ष प्रस्तुत गरी उनीहरूको फाइदा पुऱ्याउन र त्यसरी प्रस्तुत गरेको विवरणबाट आफूले पनि फाइदा लिन लेखनकला उपयोगी हुन्छ । जसलाई अझ उपयोगी बनाउन लेखाइ शिक्षणको महत्वपूर्ण भूमिका रहन्छ ।

सिर्जनात्मकता शक्तिको विकास गराउन तथा लेखनमा गति, क्रमबद्धता र संक्षिप्तता ल्याउन पनि लेखाइ शिक्षणको महत्वपूर्ण भूमिका रहन्छ । विभिन्न विषय, अभिव्यक्ति र प्रसङ्गअनुसार भाषिक शैलीको चयन गर्ने क्षमता विकास गराउनका साथै हिज्जे, चिन्ह र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गर्न लेखाइ शिक्षण उपयोगी हुन्छ । सफा अक्षरमा लेख्न, व्याकरणसम्मत भाषाको प्रयोग गर्ने क्षमता बढाउन लेखाइ शिक्षण महत्वपूर्ण हुन्छ ।

लेखनकला आफैँमा शिक्षण सिकाइको महत्वपूर्ण अङ्ग हो । सम्पूर्ण कक्षा कार्यकलापहरू लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् । लेखनकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सीपसँग सोझो सम्बन्ध राख्दछ । लेखनकलामा कमजोर हुँदा कुनै पनि तह पूरा गर्न समस्या पर्न सक्छ, त्यसैले यस्तो अवस्था सिर्जना नहोस् भन्नका लागि विद्यार्थीहरूमा लेखन क्षमता बढाउदै लैजानु अत्यावश्यक भइसकेको छ । लेखन क्षमताको विकास गर्दै लैजान लेखाइ शिक्षणले पृथक-पृथक तहमा आ-आफ्नौ महत्व राख्दछ । यसरी विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजान लेखाइ शिक्षणको विकल्प छैन भन्दा सन्देह लाग्दैन (आचार्य, २०५४ : १८) ।

### २.४.३ लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान

भाषाका दुई स्वरूपहरू हुन्छन् मौखिक र लिखित । मनका अन्तर्भावनाहरूलाई ध्वन्यात्मक संकेतमा अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ । ध्वन्यात्मक संकेतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्छ । लेखाइ कुनै पनि स्थान र सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत र सार्वभौम हुन्छ । भाव प्रकाशनको माध्यम लेखाइ सीपबाट विषयवस्तुलाई छान्ने त्यसै अनुरूप वाक्य संरचना तथा शब्दावलीको छनोट गर्ने

क्षमता विकास हुन्छ । विद्यार्थीहरूमा लेखनकलालाई परिष्कृत, परिमार्जित र विकसित गर्दै लैजान विभिन्न विधाहरूको लेखन अभ्यासले सहयोग प्राप्त हुन्छ । त्यसैले प्रारम्भिक तहदेखि नै चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, श्रुतिलेखन, निवेदनलेखन जस्ता विभिन्न लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा लेखन क्षमता बढाउन प्रयत्न गरिन्छ । तहगत आधारमा दैनिकी लेखन, बुँदाटिपोट, भावविस्तार, सारांश अनुच्छेदलेखन, निबन्धलेखन, प्रतिवेदन लेखन लगायत अन्य सिर्जनात्मक, निर्देशित तथा आभ्यासिक लेख लेख्न लगाएर विद्यार्थीहरूको लेखन क्षमतामा विस्तार गर्दै लैजाने प्रयास गरिन्छ ।

निबन्ध लेखन लेखनकलाको महत्वपूर्ण कार्यकलाप हो । यसबाट स्वतन्त्र र निर्देशित दुवै किसिमका अभ्यासहरू गराउन सकिन्छ । बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषयमा छोटो निबन्ध लेख्न लगाइ निबन्ध लेखन सीप विकास गराउने प्रयत्न गरिन्छ । प्राथमिक निम्नमाध्यमिक तथा माध्यमिक पाठ्यक्रमका अतिरिक्त विश्वविद्यालयअन्तर्गत पनि निबन्ध लेखन सम्बन्धी अभ्यासहरूलाई प्राथमिकताकासाथ समावेश गरिएको छ । यस कुराले पनि लेखनकलाको क्षमता बढाउन निबन्ध लेखन उत्कृष्ट कार्यकलाप भएको भन्न सकिन्छ । निबन्धलेखनमा वर्णविन्यासगत, व्याकरणगत, शब्दभणडार, चिन्हप्रयो्ग, वाक्यगठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । यसर्थ विद्यार्थीहरूमा सम्पूर्ण लेखाइसम्बन्धी धारणात्मक प्रयोगात्मक संज्ञानात्मक सीप विकास गराउन निबन्ध लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान महत्वपूर्ण सावित हुन्छ ।

### २.४.४ निम्न माध्यमिक तहमा निबन्ध शिक्षणको प्रयोजन

निबन्धको मुख्य उद्देश्य निबन्धगत सीप हासिल गर्नु हो र आफ्ना वस्तुतथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापरक्रम मिलाइ शृङ्खलावद्ध रूपमा प्रस्तुति गर्ने सीप आर्जन गर्नु हो । ( शर्मा र पौडेल, २०६१:१२८) विद्यार्थीलाई आफूले देखेको अनुभव गरेको र पढेका कुराहरू सिलसिला मिलाइ लिखित रूपमा व्यक्त गर्न सिकाउनु नै निबन्धलेखनको मुख्य उद्देश्य हो । निबन्ध विधा अन्य विधाहरूभन्दा प्रौढ खँदिलो तथा बौद्धिक अभिव्यक्ति हो । निबन्ध विधालाई भाषा तथा

साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । खास गरी साहित्यिक विधाका रूपमा यसको शिक्षणका मुख्य प्रयोजनहरू निम्नानुसार छन् ।

क) निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखनकलाको समुचित विकास गर्नु ,

ख) स्वतन्त्र लेखनको सुसङ्गठित रूप पहिचान र अवलम्वन गर्न सिकाउनु,

ग) स्वतन्त्र विचार प्रकट गर्ने क्षमताको विकास गर्नु ,

घ) स्थान र प्रसङ्गअनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम तुल्याउनु ,

ङ) स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु ,

च) बोध र अभिव्यक्तिको विकासका अलवा कुनै विस्तारित सामग्रीहरूलाई सङ्क्षेपमा र सङ्क्षेपलाई विस्तारमा अभिव्यक्त गर्ने सीपको विकास गराउनु।

छ) साहित्यप्रति अनुराग बढाउनु र साहित्यिक सिर्जना गर्नतर्फ अभिप्रेरणा जगाउन,

ज) साहित्यिक सर्जकहरूका रचनाका आधारमा समीक्षात्मक तथा विश्लेषणात्मक रूपमा पहिचान गर्ने क्षमता विकास गराउनु ,

यसरी माथि उल्लेखित प्रयोजनबाहेक निबन्धशिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि सोझो सम्बन्ध राख्दछ । समग्रमा विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउन निबन्ध शिक्षणको प्रमुख भूमिका रहन्छ ।

## २.५ निष्कर्ष

कक्षा ८ को जिल्लास्तरीय परीक्षामा पनि निबन्ध लेखनसम्बन्धी प्रश्नलाई १० प्रतिशत अर्थात १० अङ्कको निबन्ध लेख्न दिइन्छ । यसका साथै कक्षा ९ र १० को वार्षिक तथा एस.एल.सी. परीक्षामा समेत निबन्धलेखनको मूल्याङ्कनात्मक प्रश्नलाई १० अङ्क छुट्याइएको छ भने उच्च तहमा पनि १० प्रतिशताङ्क निबन्ध लेखन मूल्याङ्कनलाई निरन्तरता दिइएको छ । यसर्थ  निबन्धलेखनसम्बन्धी अध्ययन अध्यापनलाई विशेष महत्त्वका साथ हेरिएको छ । निबन्धलेखनबाट विद्यार्थीहरूमा नेपाली भाषाको मानक लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ । यसरी लेखन क्षमताको मनोवैज्ञानिक तवरले विकास गर्दै लैजान निबन्ध लेखन प्रक्रियाले सकरात्मक भूमिका खेल्ने हुँदा माध्यमिक तहका पाठ्यक्रममा निबन्ध विधा शिक्षण तथा निबन्ध लेखन शिक्षण दुवै पक्षमा विशेष रूपमा ख्याल गरी निबन्ध विधा समावेश गरिएको हो ।

# अध्याय तिन

# अनुसन्धान विधि

अनुसन्धान एक औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धान विषयसँग सम्बन्धित विधिको उपयोग हुन्छ । यसरी अध्ययन अनुसन्धान गर्नु एक जटिल कार्य मानिन्छ । यो प्रक्रिया औपचारिक र वैज्ञानिक हुन्छ । त्यसबाट कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिरहेको हुन्छ । यसमा व्यवस्थित, वस्तुनिष्ठ र तथ्यपरक विश्लेषण हुने भएकाले अनुसन्धान कार्य कसरी गरिरहेको छ भनी प्रष्ट्याउने क्रममा अनुसन्धान विधिको विवरण महत्त्वपूर्ण विषय हो । यसको अध्ययनको लागि विविध अध्ययन विधिहरूको प्रयोग गरिन्छ । यसअन्तर्गत सामग्रीको स्रोत, सामाग्री सङ्कलन गर्ने  उपकरण सामग्री सङ्कलन गर्ने प्रक्रियाहरू पर्दछन् । कुनै पनि अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूको पूर्व योजनाका रुपमा व्यवस्थित गरिनु पर्छ  अनि मात्र  अनुसन्धान कार्यमा कुनै किसिमको बाधा आउँदैन र अनुसन्धानका लागि सही मार्गदर्शन हुन्छ । प्रस्तुत अनुसन्धानका लागि अध्येयताले अपनाएका विधिहरू यस परिच्छेदमा समावेश गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्ने उद्देश्यले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट स्पष्ट भएको छ । यस अध्ययनका लागि क्षेत्रीय अध्ययन विधिको उपयोग गरेर सही र उचित निष्कर्ष निकाल्ने प्रयास गर्दै अध्ययनको लागि विद्यार्थीहरूलाई महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयास महत्त्वपूर्ण मानिएको छ । सम्पूर्ण विद्यार्थीहरूलाई लिएर अध्ययन गर्न असम्भव हुने भएकाले  नमुना छनोट विधि उपयोग गरिएको छ । झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन सोझै विद्यार्थीसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई नै केन्द्रविन्दु बनाई उनीहरूको निबन्ध लेखन क्षमता पहिचान गरिएको छ । यस अनुसन्धान अध्ययनलाई वस्तुगत र जीवन्त बनाउने क्रममा जनसंख्या पहिचान, प्रतिनिधि नमुना छनोट तथ्यांक संकलनका स्रोत र साधन तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण तथा त्यसको पूर्वपरीक्षण परीक्षणको कार्यन्वयन वा तथ्याङ्क सङ्कलन सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण गरी प्रस्तुतीकरण जस्ता

सर्वेक्षणात्मक विधिहरूको पक्षको उपयोग गर्दै परिमाणात्मक ढाचाँमा अध्यायको प्रारुप तयार गरिएको हो ।

## ३.२ जनसंङ्ख्या तथा नमुना पहिचान

प्रस्तुत अध्ययनका लागि शैक्षिक सत्र २०६९ मा कक्षा ७ पूरा गरी कक्षा ८ मा अध्ययरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रुपमा लिइएको छ । विविध कारण तथा अध्ययनको प्रयोजन, समय, लागत, तथा लगानी  आदिका कारणले गर्दा कक्षाका सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने र त्यो सम्पूर्णको आवश्यकता पनि नपर्ने भएकाले अध्ययनको सीमाङ्कनका लागि झापा जिल्ला भित्रका सरकारी र निजी गरी ६ वटा विद्यालयमा अध्ययरत ९० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना छनौट विधि

जुनसुकै अध्ययन अनुसन्धानलाई व्यवहारिक र सही रुपमा अध्ययन गर्नका लागि प्रतिनिधि नमुना विधिको उपयोग गर्नु महत्त्वपूर्ण हुन्छ । सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न असम्भव हुने भएकाले यहाँ नमुना छनौट विधि उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सम्भव भएसम्म उद्देश्य, वर्ग छनोट, लैङ्गिकता जस्ता पक्ष तथा विधिलाई अवलम्बन गरिएको छ । नमुना छनौटका लागि झापा जिल्ला भित्रका ६ वटा विद्यालयहरूलाई छनौट गरिएको छ । जसमा सरकारीअन्तर्गत पशुपति मा.वि., अमृत नि.मा.वि. र भगवती नि.मा.वि. गरी ३ वटा र निजी विद्यालयअन्तर्गत दिव्यज्योति अंग्रेजी मा.वि., लिटर स्टार इङलिस स्कुल र ज्ञनज्योति बोर्डिङ्ग स्कुल गरी तिन ओटा विद्यालय समावेश गरिएको छ । झापा जिल्लामा अवस्थित ६ वटा सरकारी र निजी विद्यालयहरूमा अध्ययरत विद्यार्थीहरू मध्येबाट फरक फरक वर्ग, लिङ्ग, विद्यालय भएका छात्र र छात्रालाई समावेश गरी प्रत्येक विद्यालयबाट १५/१५ जनाको दरले जम्मा ९० जना विद्यार्थीहरूको छनोट गरिएको छ । यसमा सरकारी विद्यालयबाट ४५ जना र निजी विद्यालयबाट ४५ जना गरी जम्मा ९० जनालाई छनोट गरिएको छ । यसरी छनौट गर्दा सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व रहोस् भन्ने अपेक्षा रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन स्रोत

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलन गर्नका लागि मुख्य रुपमा प्राथमिक स्रोतलाई लिइएको छ । साथै गौण रुपमा द्वितीय स्रोतबाट संङ्कलित सामग्रीलाई पनि उपयोगमा ल्याइएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

तथ्य सङ्कलन गर्न विद्यार्थीहरूमा निबन्ध लेखन गराइएको छ । सो लेखन पश्चात् निबन्धको वाञ्छित बुँदाहरूलाई टिपोट गरी शीर्षक, विषयवस्तु , भाषाशैली, प्रस्तुति, मौलिक पनका आधारमा अङ्क विभाजन गरी उत्तरपुस्तिका परीक्षण गरिएको छ सो क्रममा न्युनतम ३५ प्रतिशत र अधिकतम ८५ प्रतिशतसम्म विद्यार्थीहरूले अङ्क प्राप्त गरेका छन् । त्यस पछि सबै विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कहरूलाई समूह विभाजन गरिएको प्राप्ताङ्कलाई तालिकाकरण गरिएको  छ ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोतको रुपमा कक्षा ८ को पाठ्पुस्तक, कक्षा ७ को अन्तिम परीक्षाको प्रश्नपत्र, यस शोधकार्य सम्बन्धी पूर्वकार्यहरू र यससँग सम्बन्धित अनुसन्धानात्मक प्रतिवेदनहरू, सन्दर्भ पुस्तकहरू, शोधसार आदिबाट तथ्य सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधन

जुनसुकै अनुसन्धानमा समग्री निर्माण गर्नु महत्त्वपूर्ण मानिन्छ । अनुसन्धानको अध्ययनमा प्रयोग गरिने सामग्रीहरू वैज्ञानिक र व्यवस्थित तरिकाले सङ्लन गरिएका हुन्छन् । आफूलाई अनुकूल पर्ने गरी स्तरीय सामग्रीको निर्माण गर्ने प्रयास गरिन्छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरूको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नु भएकाले सोहीअनुसार समग्री निर्माण गर्न आवश्यक ठानिएको छ । निबन्धलेखनसँग सम्बन्धित र गहन विषय हुनुका साथै विद्यार्थीहरूबाट गराउनुपर्ने हुँदा समसामयिक विषय शीर्षकका रुपमा प्रस्ताव गरियो । प्रस्तावित शीर्षकमा शोध निर्देशकको आवश्यक सल्लाह सुझाव पश्चात् अध्येताले शीर्षक गरेका छन् । यस कममा प्रतिनिधि नमुना जनसङ्ख्यामध्ये १५ जनालाई २ वटा शीर्षक दिई पूर्व परीक्षण गरिएको छ । पूर्व परीक्षण गरिएका उत्तरपुस्तिकाहरूलाई प्रक्रियागत रुपमा जाँची पूर्व परीक्षणबाट प्राप्त नतिजाअनुसार एउटा

मात्र शीर्षकमा विद्यार्थीहरूलाई निबन्धलेखनमा प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने प्रयास अध्येताले गरेको छ । यसरी यस अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न प्रश्नपत्र दिई सोहीअनुसार उत्तरपुस्तिकामा लेख्न लगाइएको छ । अतः तथ्याङ्क सङ्कलनका साधनका रुपमा प्रश्नावली, मूल्याङ्कन फाराम आदिको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

कुनै पनि अनुसन्धानमा तथ्याङ्क सङ्कलनको कार्य महत्त्वपूर्ण हुन्छ । यो एक ज्यादै जटिल कार्य पनि हो । त्यसमा पनि प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रतिनिधि जनसङ्ख्याका रुपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेखनका लागि उनीहरूलाई प्रेरित गरियो । नमुना जनसङ्ख्याका रुपमा छनोट गरिएका विद्यालयबाट अध्ययनकर्ताले अपेक्षाकृत रुपमा सहयोग पाउन सकियो । जुनसुकै विद्यालयमा गए तापनि सम्मानजनक तरिकाले विद्यालयले दिनसक्ने सुविधा र आफूले गर्नुपर्ने कर्तव्यहरू पूरा गरेका छन् । अध्ययनको क्रममा जाँदा अध्येतालाई सरकारी तथा निजी क्षेत्रका विद्यालयहरूले भरपूर मात्रामा सहयोग गरेका छन् । यी सम्पूर्ण अध्ययनका क्रममा अध्ययनकर्ताले प्रतिनिधि नमुनाका  रुपमा प्रस्तुत गरिएका विद्यालयबाट सङ्कलित निबन्धित उत्तरपुस्तिकालाई प्रक्रियागत रुपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई उत्तरपुस्तिकाको सिरानमा लेख्नुका साथै विद्यालय र विद्यार्थीका नामसहित अर्को कपीमा पनि लेखेर राखियो । उत्तरपुस्तिकाको जाँच गर्न अझ सजिलो होस् भन्नका लागि कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६९ र कक्षा ७ को वार्षिक परीक्षा २०६९ सँग सम्बन्धित शीर्षकहरूलाई अझ परिष्कार र परिमार्जित गर्दै सम्बन्धित विषयबस्तु बीच तालमेल, प्रस्तुतीकरण, शब्दभण्डारको प्रयोग, भाषिक शुद्धता तथा विद्यार्थीहरूको स्तर गरी पाँच पक्षमा केन्द्रित रहेर परीक्षण गरी परीक्षणलाई वस्तुगत रुपमा अङ्क निर्धारण गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

कुनैपनि अनुसन्धानमा तथ्याङ्क सङ्कलन तथा विश्लेषण  गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । यसमा पनि विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षण पश्चात् उनीहरूले प्राप्त गरेका नतिजालाई विश्लेषण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित

भएकाले यसमा तथ्याङ्क सङ्कलनका क्रममा निबन्धमा अङ्कित प्राप्ताङ्कलाई लिङ्गगत र विद्यालयको प्रकृतिको समूहगत रुपमा वर्गीकरण गरी तालिकाबद्ध गरिएको छ । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको छ । प्रतिनिधि नमुना सम्बन्धित विद्यार्थीहरू मध्ये मध्यमानभन्दा तल कति प्रतिशत विद्यार्थीहरू रहेका छन् र मध्यमान भन्दामथि कति प्रतिशत रहेका छन् भनी गणना गरिएको छ । समग्र समूहगत रुपमा मानक विचलन निकाली तथ्य विश्लेषणमा बढी सरलता ल्याउने प्रयास गरिएको छ । त्यसरी प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्य स्थान तथा न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरिएको छ । यसका साथै समग्र मध्यामनक आधारमा विभिन्न चलहरू बीच निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । अध्ययनमा समाष्टि विभिन्न चलहरूको समूहगत मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गरिएको छ । स्थानीयता, लैङ्गिकता, सरकारी र निजी विद्यालयका समूहमा निबन्धलेखन क्षमताको परीक्षण गर्न मध्यमान, मानक विचलन र T test को प्रयोग गरिएको छ । तथ्यको विश्लेषणका निम्ति निम्न सूत्रको प्रयोग गरिएको छ ।

मध्यमान $\overline{(x)} = \frac{\sum fX}{N}$

यहाँ, $\sum$ = योगफल

fx = प्राप्ताङ्क र आवृत्तिको गुणङ्क

N = आवृत्तिको योगफल

मानक विचलन $\sigma = \sqrt{\frac{\sum fX^2 - \left(\sum fX\right)^2 / N}{N}}$

यहाँ, $\sum$ = योगफल

$X^2$ = प्राप्ताङ्कको गुणनफल

$(\sum X)^2$ = प्राप्ताङ्कको योगफलको वर्गफल

N = जम्मा सङ्ख्या

त्यस्तै प्राक्कल्पना परीक्षण गर्नका निम्ति निम्न सूत्रको प्रयोग गरिएको छ ।

$$T = \frac{\overline{Xe} - \overline{X_c}}{\sqrt{\frac{ae^2}{N_e} + \frac{ac^2}{N_c}}}$$

यहाँ,

$\overline{X_c}$ = दोस्रो समूहको मध्यमान

$\overline{X_e}$ = पहिलो समूहको मध्यमान

$ac$ = दोस्रो समूहको मानक विचलन

$ae$ = पहिलो समूहको मानक विचलन

$N_c$ = दोस्रो समूहको जम्मा सङ्ख्या

$N_e$ = पहिलो समूहको जम्मा सङ्ख्या

# अध्याय चार

# व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनबाट झापा जिल्लाका कक्षा ७ पूरा गरी कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्ने उद्देश्य राखिएको छ । यस उद्देश्य पूरा गर्नको लागि झापा जिल्लाका जम्मा ६ वटा विद्यालयका ९० जना विद्यार्थीहरूबाट अध्ययनको लागि तथ्याङ्क सङ्कलन गरिएको छ । सो तथ्याङ्कलाई साङ्ख्यकीय आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखी व्यवस्थित गरिएको छ । यस तथ्याङ्कलाई व्यवस्थित तरिकाले व्याख्या विश्लेषण गर्नको लागि प्रतिशत गणना मध्यमान , मानक विचलन, जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषण  गर्नका लागि अपनाइएका विधि, तरिका तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषित स्वरुप निम्नअनुसार प्रस्तुत गरिएको  छ ।

## ४.१ समग्रमा विद्यालयहरूको निबन्ध लेखन क्षमताको स्थिति

### ४.१.१. समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या - १

| कुल संख्या | ३५ प्रतिशत सम्म | | ३६- ४५ प्रतिशत सम्म | | ४६- ५५ प्रतिशत सम्म | | ५६-६५ प्रतिशत सम्म | | ६५ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | ३ | ३.३३ | १८ | २० | २० | २२.२ | १९ | २१.११ | ३० | ३३.३३ |

माथि प्रस्तुत गरिएको तालिकाका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याको रुपमा छनोट गरिएका कुल सङ्ख्या ९० जनालाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणी निर्धारण गरिएको छ । जसअनुसार ३५ प्रतिशत भन्दा कम निवन्धलेखन अभिव्यक्ति क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३.३३ प्रतिशत रहेको देखिन्छ । ३५ प्रतिशतभन्दा माथि र ४५ प्रतिशत भन्दा तल निबन्धलेखन अभिव्यक्ति क्षमता भएका विद्यार्थीको सङ्ख्या १८ जना २० प्रतिशत रहेको देखिन्छ । ४५ प्रतिशतभन्दा माथि र ५५ प्रतिशतभन्दा तल

निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ जना २१.११ प्रतिशत रहेको छ । यस अध्ययनमा उच्चतम अभिव्यक्ति क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३० जना ३३.३३ प्रतिशत रहेको छ । यस आधाराम हेर्दा समग्रमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ४.१.२. मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका सङ्ख्यन - २

| कुल संख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | ५७.९४ | १४.३५ | ४६ | ५१.११ | ४४ | ४८.८८ |

माथिको तालिकाको आधारमा समग्र झापा जिल्लाका कक्षा ७ पूरा गरी कक्ष ८ मा अध्ययरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको मध्यमान ५७.९४ रहेको पाइयो । मध्यमानलाई हेर्दा विद्यार्थीहरूको स्तर राम्रो नै देखिन्छ । मध्यमानभन्दा बढि अङ्क ४६ जना अर्थात् ५१.११ प्रतिशत विद्यार्थीले प्राप्त गरेका छन् । मध्यमानभन्दा तल अङ्क ४४ जना अर्थात् ४८.८८ प्रतिशत विद्यार्थीहरूले प्राप्त गरेका छन् । यस आधारमा हेर्दा मध्यमान नै उच्च रहेको त्यो भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू पनि ५१.११ प्रतिशत रहेकाले निबन्ध लेखन क्षमता उच्च रहेको पाइन्छ । मध्यमानभन्दा माथि र तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको अन्तर २ रहेकोले झापा जिल्लाका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

मानक विचलन १४.३५ रहेको छ । यस आधारमा हेर्दा झापा जिल्लाका समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा (विविधता) विचलन रहेको देखिन्छ । मानक विचलन जति कम भयो उति प्राप्ताङ्कमा एकरुपता हुन्छ भने मानक विचलन जति बढी भयो उति प्राप्ताङ्कमा विचलन आएको हुन्छ वा उच्च अङ्क प्राप्त गर्ने र निम्न अङ्क प्राप्त गर्ने विद्यार्थीको अङ्कको अन्तर धेरै हुन्छ । स्तरीय भिन्नता जति सानो हुन्छ त्यतिनै तथ्याङ्कमा एकरुपताको मात्रा अधिक हुन्छ ( खनाल, २०६१:१८६) । विद्यार्थीहरूको निबन्धलेखन क्षमता

बीचमा ज्यादै भिन्नता पाइनुले सम्पूर्ण विद्यार्थीहरूको क्षमताको स्थिति भिन्न देखिएको कुरा माथिको तालिकाबाट प्रष्टिएको छ ।

## ४.२ सरकारी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको स्थिति

### ४.२.१ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताका प्रतिशाङ्क स्थिति

तालिका सङ्ख्या - ३

| कुल संख्या | ३५ प्रतिशतसम्म | | ३६- ४५ प्रतिशतसम्म | | ४६- ५५ प्रतिशतसम्म | | ५६-६५ प्रतिशतसम्म | | ६५ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | २ | ४.४४ | १३ | २८.८८ | ९ | २० | ८ | १७.७७ | १३ | २८.८८ |

प्रस्तुत तालिकामा झापा जिल्लाका कक्षा ७ पुरा गरी कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थितिलाई देखाइएको छ । जसमा नमुना जनसङ्ख्याका रुपमा ४५ जना विद्यार्थीहरूलाई छनोट गरी सहभागी गरिएको छ । यस अध्ययनका आधारमा निम्न स्तरका वा निम्न अङक ३५ प्रतिशत सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ जना ४.४४ प्रतिशत रहेको छ । ३६देखि ४५ प्रतिशत सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १३ जना ८५.८८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ४६ देखि ५५ प्रतिशत सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ९ जना २० प्रतिशत रहेको छ । यसै अध्ययनका आधारमा ५५ देखि ६५ प्रतिशत सम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८ जना १७.७७ प्रतिशत रहेको छ । उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ जना २८.८८ प्रतिशत रहेको छ । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा निम्न अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ज्यादै कम रहेको र मध्यम अङ्क र उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या सामान्यतया उपयुक्त नै रहेको छ । यस आधारमा झापा जिल्लाका कक्षा ७ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मध्यमान स्तरको नै रहेको देखिन्छ ।

४.२.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखनको क्षमताको स्थिति

तालिका सङ्ख्या - ४

| कुल संख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ५५.६ | १४.९९ | २१ | ४६.६६ | २४ | ५३.३३ |

माथिको तालिकामा झापा जिल्लाका कक्षा ७ पूरा गरेका सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क तथा मानक विचलनलाई देखाइएको छ । जसमा नमुना जनसङ्ख्या ४५ जना विद्यार्थी छनोट गरिएको छ । यहाँ प्रस्तुत गरको तालिकामा मध्यमान ५५.६ र मानक विचलन १४.९९ रहेको छ । मध्यमानलाई आधारमा मान्दा मध्यमानभन्दा माथि २१ जना अर्थात् ४६ प्रतिशत र मध्यमान भन्दा तल २४ जना अर्थात् ५३.३३ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा तल विद्यार्थीहरूको सङ्ख्या र प्रतिशत बढी भएकाले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता केही कमजोर रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा मानक विचलन १४.९९ रहेको छ । यस आधारमा झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरुपता रहेको पाइदैन । मानक विचलन जति बढी आयो प्राप्ताङ्कको विचलन पनि त्यति नै बढी हुन्छ । यस आधारमा हेर्दा यो तहमा विविध क्षमता भएका विद्यार्थीहरू रहेको पाइयो । क्षमता केही कमजोर देखिनु र मानक विचलनका आधारमा एकरुपता नपाइनुले समग्र विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमता राम्रो मान्न सकिदैन ।

## ४.३ निजी विद्यार्थीका समग्र विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको स्थिति

४.३.१. निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको प्रशिताङ्क स्थिति

तालिका सङ्ख्या - ५

| कुल संख्या | ३५ प्रतिशत सम्म | | ३६- ४५ प्रतिशत सम्म | | ४६- ५५ प्रतिशत सम्म | | ५६-६५ प्रतिशत सम्म | | ६५ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | १ | ३.३३ | ५ | ११.११ | ११ | २४.४४ | ११ | २४.४४ | १७ | ३७.७७ |

प्रस्तुत तालिकामा विद्यार्थीहरूको निवन्ध लेखन क्षमतालाई पाँच श्रेणीमा विभाजन गरिएको छ । झापा जिल्लाका ३ वटा निजी विद्यालयबाट नमुना प्रतिनिधि जनसङ्ख्याका रुपमा ४५जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । यस अध्ययनमा ३५ प्रतिशत भन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरू देखि लिएर ६५ प्रतिशतभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूलाई प्रतिशताङ्क श्रेणीमा निर्धारण गरिएको छ । ३५ प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १ जना अर्थात् २.२२ प्रतिशत रहेको छ । ३६ देखि ४५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ५ अर्थात् ११.११ प्रतिशत रहेको छ । ४६ देखि ५५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ११ जना अर्थात् २४.४४ प्रतिशत रहेको देखिन्छ । ५६ देखि माथि ६५ प्रतिशतसम्म ११जना अर्थात् २४.२२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसै गरी ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने निजी विद्यालयका विद्यार्थी सङ्ख्या १७ जना अर्थात् ३७.७७ प्रतिशत रहेको छ । यस आधारमा व्याख्या गर्दा निम्न अङ्क प्राप्त गर्ने भन्दा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको संख्या उच्च रहेबाट निजी विद्यालयका विद्यार्थीहरूको निवन्धलेखन अभिव्यक्ति क्षमता उच्च र सन्तोषजनक रहेको पाइन्छ ।

४.३.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको स्थिति

तालिका सङ्ख्या - ६

| कुल संख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ६०.२९ | १३.२६ | २२ | ४८.८९ | २३ | ५१.११ |

माथि प्रस्तुत तालिकाअनुसार निजी विद्यालयका प्रतिनिधि जनसङ्ख्या नमुनाका रुपमा ४५ जना छनोट गरिएको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २२ जना अर्थात् ४८.८९ प्रतिशत रहेको छ र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २३ रहेको छ । यसलाई हेर्दा निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क मध्यमानभन्दा कम ४८.८९ प्रतिशत भए तापनि मध्यमान नै ६०.३९ भएकाले मध्यमानका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च र सन्तोषजनक रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा मानक विचलन १३.२६ रहेको छ । यस आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एक रुपता नपाइए पनि केही सन्तुलित क्षमता रहेको पाइन्छ ।

## ४.४ छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.४.१ समग्र विद्याथीहरूमध्येबाट छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या - ७

| कुल संख्या | ३५ प्रतिशत सम्म | | ३६- ४५ प्रतिशत सम्म | | ४६- ५५ प्रतिशत सम्म | | ५६-६५ प्रतिशत सम्म | | ६५ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ३ | ६.६६ | ७ | १५.५५ | ११ | २४.४४ | ११ | २४.४४ | १३ | २८.८९ |

माथिको तालिकाअनुसार नमुना प्रतिनिधि जनसङ्ख्याका रुपमा ४५ जना छात्र विद्यार्थीहरूलाई चयन गरिएको छ । यहाँ ३५ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३ जना अर्थात्  ६.६६ प्रतिशत रहेको छ । ३६ देखि ४५ प्रतिशत सम्म अङक प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ७ जना अर्थात् १५.५५ प्रतिशत रहेको देखिन्छ

। त्यसै गरी ४६ प्रतिशतदेखि माथि ५५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात्  २४.४४ प्रतिशत रहेको पाइन्छ । ५६ प्रतिशतदेखि ६५ प्रतिशतका बीचमा निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या पनि ४६ देखि ५५ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको जति नै अर्थात् ११ जना २४.४४ प्रतिशत रहेको छ । यस अनुसन्धानमा उच्च स्तर वा उच्च श्रेणी मानेर मापन गरिएको ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या पनि उच्च स्तरको नै १३ जना अर्थात्  २८.८९ प्रतिशत रहेको छ । यस आधारमा हेर्दा ३५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २९ जना अर्थात् ६४.४४ प्रतिशत रहेको छ । यहाँ मध्यम स्तरको अङ्क प्राप्त  गर्ने विद्यार्थीको सङ्ख्या उच्च रहेके पाइन्छ । उच्च श्रेणी ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या पनि राम्रो नै देखिएबाट झापा जिल्लाका कक्षा ७ पूरा गरी कक्षा ८ मा अध्ययरत छात्रहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

४.४.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका सङ्ख्य - ८

| कुल संख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ५८.४४ | १५.१३ | २३ | ५१.११ | २२ | ४८.८८ |

माथिको तालिकाअनुसार समग्र छात्र विद्यार्थीहरूको मध्यमान ५८.४४ र मानक विचलन १५.१३ रहेको देखाइएको छ । प्रतिनिधि जनसङ्ख्याका रुपमा ४५ जना छात्र रहेका छन् । माथिको तालिकामा मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २३ जना अर्थात् ५१.११ प्रतिशत रहेको छ । त्यस्तै मध्यमानभन्दा तल  निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२ जना अर्थात् ४८.८८ प्रतिशत रहेको देखिन्छ । यस आधारमा व्याख्या गर्दा झापा जिल्लाका छात्र विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २३ र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २२ हुनुले समग्र छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषकजनक नै रहेको देखिन्छ  । मानक विचलनका आधारमा हेर्दा प्रस्तुत तालिकामा मानक विचलन १५.१३ रहेको छ । यस आधारमा झापा

जिल्लाका छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा एकरुपता रहेको देखिदैन । उच्च अङ्क प्राप्त गर्ने र निम्न अङ्क प्राप्त  गर्ने विद्यार्थीको अन्तर धेरै रहेको देखिन्छ । यसरी मध्यमानभन्दा माथि र तल अङ्क प्राप्त गर्ने विद्यार्थीका सङ्ख्या बराबर रहनु र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता विविधता पाइए पनि समग्र झापा जिल्लाका कक्षा ७ पूरा गरी कक्षा ८ मा  अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो तथा सन्तोषजनक नै रहेको देखिन्छ ।

## ४.५ छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

### ४.५.१ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका सङ्ख्या - ९

| कुल संख्या | ३५ प्रतिशत सम्म | | ३६- ४५ प्रतिशत सम्म | | ४६- ५५ प्रतिशत सम्म | | ५६-६५ प्रतिशत सम्म | | ६५ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ० | ० | १० | २२.२२ | १० | २२.२२ | ८ | १७.७६ | १७ | ३७.७८ |

माथि दिइएको तालिकाअनुसार प्रतिनिधि जनसङ्ख्याका रुपमा ४५ जना विद्यार्थीहरू छनोट गरिएको छ । यस तालिकाका आधारमा व्याख्या गर्दा झापा जिल्लाका ३५ प्रतिशत सम्म अङ्क प्राप्त गर्ने छात्रा विद्यार्थीहरूको संङ्ख्या ० रहनुले छात्रा विद्यार्थीहरूको निवन्धलेखन क्षमता निम्न स्तरको नरहेको देखिन्छ । त्यसभन्दा माथि ३६ देखि ४५ प्रतिशत बीचमा अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० जना २२.२२ प्रतिशत रहेको देखिएको छ । यसरी नै ३६ देखि ४५ प्रतिशतसम्म र ४६- ५५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या समान १० जना  अर्थात् २२.२२ प्रतिशत रहेको छ । ५६ देखि ६५ प्रतिशत बीचमा अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ जना अर्थात् १७.७८ प्रतिशत रहेको छ । यस अध्ययनमा उच्च श्रेणी भनी मापन गरिएको श्रेणी ६५ प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने वा ६५ प्रतिशत भन्दा माथि निबन्ध लेखन क्षमता भएका छात्रा विद्यार्थी १७ जना अर्थात् ४७.७८ प्रतिशत रहेको छ । यी तथ्यका आधारमा हेर्दा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ जना ३७.७८ प्रतिशत रहेको देखिनुले झापा

जिल्लाका छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता उपयुक्त तथा सन्तोषजनक नै रहेको देखिन्छ ।

### ४.५.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

तालिका सङ्ख्या - १०

| कुल संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ५७.४४ | १३.४९ | २४ | ५३.३३ | २१ | ४६.६७ |

माथिको तालिकाअनुसार मध्यमान ५७.४४ रहेको देखाइएको छ । मध्यमानका आधारमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क राम्रो नै देखिन्छ । ४५ जना प्रतिनिधि जनसङ्ख्यामा लिइएको छात्रा विद्यार्थीहरूको अध्ययनमा मानक विचलन १३.४९ देखिनुले निबन्ध लेखन क्षमतामा विवधता रहेको पाइन्छ । उच्च अङ्क प्राप्त गर्ने र निम्न अङ्क प्राप्त गर्ने विद्यार्थीहरू बीचको प्राप्ताङ्कमा धेरै अन्तर रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमान भन्दा तल २१ जना अर्थात् ४६.६७ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यस्तै मध्यमानभन्दा माथि २४ जना ५३.३३ प्रतिशत रहेका छन् । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या र प्रतिशत बढी हुनुले तथा मध्यमान नै ५० प्रतिशत भन्दा बढी रहेको कारणले झापा जिल्लाका छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो तथा सन्तोषजनक नै रहेको देख्न सकिन्छ ।

## ४.६ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको निवन्धलेखन क्षमताको समूहगत स्थिति

तालिका सङ्ख्या - ११

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | | समूहगत सङ्ख्या | समग्र मध्यमान भन्दा माथि | | समग्र मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | सङ्ख्या | प्रतिशत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९० | ५७.९४ | १४.३५ | विद्यालयको प्रकृति | सरकारी | ४५ | २१ | ४६.६६ | २४ | ५३.३३ |
| | | | | निजी | ४५ | २२ | ४८.८९ | २३ | ५१.११ |
| | | | विद्यार्थीको लैङ्गिकता | छात्र | ४५ | २३ | ५१.११ | २२ | ४८.८९ |
| | | | | छात्रा | ४५ | २४ | ५३.३३ | २१ | ४६.६७ |

माथिको तालिकामा जम्मा प्रतिनिधि जनसङ्ख्या ९० जनालाई लिइएको छ । यहाँ समग्र मध्यमान ५७.९४ लाई आधार बनाई विभिन्न समूहका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थितिलाई देखाइएको छ । मध्यमान उच्च भए पनि विविध समूहका विद्यार्थीहरूमा विविधता भएकाले समूहगत मध्यमान फरक फरक रहेको छ । यस तालिकामा समग्र मानक विचलन १४.४५ रहेको छ । यस आधारमा पनि विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा विविधता रहेको देखिन्छ । यस अध्ययनमा विद्यालय प्रकृतिमा दृष्टिले सरकारी र निजी विद्यालय तर्फका क्रमश: ४५/४५ जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन् । समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि सरकारी विद्यालयमा अध्ययरत विद्यार्थीहरूको सङ्ख्या २१ जना अर्थात् ४६.६६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल २४ जना अर्थात् ५३.३३ प्रतिशत रहेको देखिन्छ । यस आधारमा हेर्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

निजी विद्यालयमा अध्ययनरत समग्र विद्यार्थीहरूलाई समग्र मध्यमानको आधारमा हेर्दा मध्यमान भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २२ जना अर्थात् ४८.८९ रहेको छ भने मध्यमान भन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ जना ५१.११ प्रतिशत रहनु र मध्यमान पनि उच्च नै रहनुले निबन्धलेखन क्षमता सन्तोषजनक नै रहेको मान्न सकिन्छ ।

लैङ्गिक आधारमा ४५ जना छात्र र ४५ जना छात्रालाई लिएर निबन्ध लेखन गराइएको छ । समग्र मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि २३ अर्थात् ५१.११ प्रतिशत विद्यार्थीहरू रहनुले समग्र मध्यमानका अधारमा छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नै देखिन्छ । छात्रातर्फ हेर्दा मध्यमानभन्दा माथि ५३.३३ प्रतिशत र मध्यमानभन्दा तल ४६.६७ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा माथि रहेका

विद्यार्थीहरूको सङ्ख्या बढी रहेकाले छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.७ निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति

### ४.७.१ विभिन्न समूहमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनले झापा जिल्लाका कक्षा सात पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमता जाँच्ने उद्देश्य राखिएको छ । अघिल्ला परिच्छेदमा व्याख्या विश्लेषण गरिएकोमा यस परिच्छेदमा विभिन्न चलहरूका बीच तुलनात्मक विश्लेषण गर्न खोजिएको छ । शोधकर्ताले लिइएका विभिन्न समूह, वर्गबाट लिइएको तथ्यका आधारमा ती समूह बीच निबन्ध लेखन क्षमतामा के कति फरक छ भन्नेतर्फ तुलनात्मक अध्ययन केन्द्रित गरिएको छ । मध्यमान , मानक विचलन 'T' परीक्षण बीच तुलनात्मक विश्लेषण गर्न फरक चलहरूको प्रयोग गरिएको छ । ती चलहरू परीक्षण गर्न साङ्ख्यिकीयहरूलाई उपयोगमा ल्याइएको छ ।

### ४.७.२ विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

तालिका सङ्ख्या - १२


| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | T मान |
|---|---|---|---|---|
| सरकारी | ४५ | ५५.६ | १४.९९ | १.५७ |
| निजी | ४५ | ६०.२९ | १३.२६ | |

माथिको तालिकामा सरकारी र निजी विद्यालयको ४५/४५ जना विद्यार्थीहरू छनोट गरिएको छ । समूहगत मध्यमानलाई हेर्दा सरकारी विद्यालयतर्फ ५५.६ र निजी विद्यालयतर्फ ६०.२९ रहेको छ । समूहगत मानक विचलन सरकारी विद्यालयको १४.९९ र निजी विद्यालयको १३.२६ रहेको ६ र दुवै समूहवीच तुलना गर्दा 'T' मान १.५७ रहेको देखिन्छ ।

प्रस्तुत तालिकामा मध्यमानका आधारमा हेर्दा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता उच्च रहेको देखिन्छ । मानक विचलनलाई हेदा र्पनि सरकारी र निजी विद्यालय बीचको फरक १.७३ ले फरक रहेको देखिन्छ ।

मध्यमान र मानक विचलनका आधारमा यी दुबै समूको क्षमता बीच सार्थक अन्तर रहेको स्पष्ट हुन्छ । तर तुलनात्मक रुपमा अध्ययन गर्दा सार्थकताको तह ०.०५ आधार मानि 'T' मान १.९६ भन्दा कम १.५७ आएकाले सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक भिन्नता नरहेको प्रस्ट हुन्छ । यसरी हेर्दा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता समान छ भन्ने शून्य प्राक्कल्पना स्वीकार गरिएको छ यद्यपि मध्यमान र मानक विचलनलाई मात्र अधार मानेर हेर्दा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्न अनुसार देखाउन सकिन्छ ।




४.७.३ लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

तालिका सङ्ख्या - १३


| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | T मान |
|---|---|---|---|---|
| छात्र | ४५ | ५८.४४ | १५.१३ | ०.९९ |
| छात्रा | ४५ | ५७.४४ | १३.४९ | |

माथिको तालिकामा ४५/४५ जना छात्र र छात्रालाई प्रतिनिधि जनसङ्ख्याको रुपमा लिइएको छ । छात्र र छात्रा बीचको समूहगत मध्यमान ५८.४४ र ५७.४४ रहेको देखिन्छ ।

समूहगत रुपमा मानक विचलन छात्रतर्फ १५.१३ र छात्रातर्फ १३.४९ रहेको छ । यस तालिका अनुसार "T" मान ०.९९ रहेको देखिन्छ ।

यस तालिकालाई हेर्दा छात्र समूहको मध्यमान छात्रा समूहको मध्यमान भन्दा १ ले बढी देखिन्छ । त्यसैगरी समूहगत मानक विचलनलाई हेर्दा छात्रहरूको मानक विचलन छात्राको भन्दा १.६४ ले बढी छ । यसका आधारमा छात्रा समूहको निबन्ध लेखन क्षमता छात्र समूहको भन्दा राम्रो देखिन्छ । छात्राको तुलनामा छात्रको नै निबन्धलेखन क्षमतामा वढी विचलनता आएको देखिन्छ । यसरी हेर्दा छात्र र छात्रा विद्यार्थी समूह वीच मध्यमान र मानक विचलनमा तुलनात्मक वस्तुगत रुपमा पहिचान गर्न ०.०५ सार्थकताको तहमा "T" मान हेर्दा यी दुई समूह बीच T परीक्षण गर्दा प्राप्त भएको T मान ०.९९ रहेको छ । जुन सार्थकता को तह ०.०५० हुँदा T मान १.९६ भन्दा कम रहेकाले लैङ्गिक आधारमा छात्र र छात्रा बीचको निबन्ध लेखन क्षमता समान रहेको पुष्टि हुन्छ । अतः शून्य प्राक्कलपनलाई स्वीकार गरिन्छ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ ।




## ४.८ निष्कर्ष

प्रस्तुत अध्ययन झापा जिल्लाका कक्षा ७ पूरा गरी कक्षा ८ मा अध्ययरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सम्बन्धी विश्लेषण गर्न ९० जना प्रतिनिधि जनसङ्ख्याको छनोट गरिएको छ । यसमा ४५ जना सरकारी र ४५ जना निजी विद्यालय तर्फका छात्र छात्राहरूको प्रतिशताङ्क स्थिति, मध्यमान र मानक विचलनका आधारमा

निबन्धलेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ । विश्लेषण गर्दा पाँच श्रेणीअन्तर्गत बहुसङ्ख्यक विद्यार्थीहरू ५० प्रतिशतको हाराहारीमा प्राप्ताङ्क प्राप्त गरेकाले कक्षा ८ मा अध्ययरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

यस अनुसन्धानमा विषयवस्तुको संयोजन शीर्षक परिचय, प्रस्तुतीकरण भाषिक शुद्धता र निष्कर्षजस्ता आधारहरू लिई निबन्धित उत्तर पुस्तिकालाई अङ्कन गरिएको छ । यिनै आधारहरूमा आधारित रही सरकारी र निजी विद्यालयका निबन्धलेखन क्षमताको अध्ययन गर्दा र मध्यमानलाई आधार मानी हेर्दा निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको निवन्धलेखन क्षमता केही कमजोर रहेको देखिन्छ ।

छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा मध्यमान छात्रा र छात्रमा खासै अन्तर नपाइएकोले र मध्यमान पनि उच्च नै रहेकोले दुवैको निवन्धलेखन क्षमता राम्रो नै रहेको प्रस्तुत अध्ययनबाट प्राप्त गर्न सकिन्छ ।

# अध्याय चार

# उपसंहार

## ५.१ सारांश

यहाँ प्रस्तुत गरिएको झापा जिल्लाका कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनमा झापा जिल्लाको विभिन्न क्षेत्रमा रहेका विद्यालयहरूमा शोधकर्ता स्वयम् उपस्थित भई विद्यार्थीहरूलाई निबन्धका शीर्षक दिई निबन्ध लेख्न लगाइएको छ । यसमा विद्यार्थीहरूका विभिन्न अवस्थाको अध्ययन गरी उनीहरूको रुचिअनुसारको शीर्षक चयन गरिएको छ । उनीहरूले लेखेका सम्पूर्ण निबन्धहरूलाई परीक्षण गरी विभिन्न स्तरमा विभाजन गरिएको छ । छात्र र छात्रा विद्यार्थी बीच सरकारी र निजी, विद्यालयहरूबीच निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । यसको व्याख्या विश्लेषणको आधारमा हेर्दा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयको विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही कमजोर रहेको पाइन्छ । त्यसै गरी छात्र र छात्रा बीच अध्ययन गर्दा छात्रा विद्यार्थीहरूको तुलनामा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही राम्रो देख्न सकिन्छ । समग्रमा सम्पूर्ण विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो तथा सन्तोषजनक नै रहेको छ । विद्यार्थीहरूको यस्ता विभिन्न अवस्था तथा पक्षहरूको अध्ययन गरी निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

विद्यार्थीहरू विविध क्षमताका हुन्छन् । त्यसैले उनीहरूको क्षमताको पहिचान गर्न उनीहरूलाई निवन्ध लेखन गर्न लगाई परीक्षण गर्दा निम्न निष्कर्षहरू निकाल्न सकिन्छ ।

क) विद्यार्थीहरूको निवन्ध लेखन क्षमताको अध्ययन गर्न पाँच श्रेणी निर्धारण गरिएको छ ।

ख) समग्र विद्यार्थीहरूको निवन्धलेखन क्षमताको मध्यमान स्थिति ५७.९४ लाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४६ जना अर्थात् ५१.११ प्रतिशत रहनु र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ४४ जना अर्थात् ४८.८८ प्रतिशत रहनुले कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषकजनक नै रहेको देखिन्छ ।

ग) समग्रमा धेरै विद्यार्थीहरू मध्यमान स्तरका रहेका तथा मध्यमान पनि उच्च रहेकाले उनीहरूको निबन्धलेखन क्षमता राम्रो रहेपनि मानक विचलन उच्च रहेकोले उनीहरूको निबन्ध लेखन क्षमतामा एकरुपता रहेको पाइदैन ।

घ) विद्यालयको प्रकृतिको आधारमा सरकारी विद्यालयमा ४५ जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात् ५४.३३ प्रतिशत रहेकाले सरकारी विद्यालयको विद्यार्थीहरूको निबन्ध लेखन क्षमता केही कमजोर रहेको पाइन्छ भने निजी विद्यालयका मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ जना ५१.११ रहनुले उनीहरूको निबन्धलेखन क्षमता केही सन्तोषजनक रहेको पाइन्छ ।

ङ) लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही कमजोर देखिए तापनि खासै अन्तर नरहेको पाइन्छ । छात्रको मध्यमान ५८.४४ र छात्राको मध्यमान ५७.४४ रहेको छ । नमुना छनोटमा परेका ४५/४५ जना विद्यार्थीमध्ये मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने दुबै विद्यार्थीहरूको सङ्ख्या बढी रहेबाट छात्र र छात्रा दुबैको निबन्धलेखन क्षमता उच्च तथा सन्तोषजनक रहेको पाइन्छ ।

च) छात्र, छात्रा सरकारी तथा निजी सबै क्षेत्रका विद्यार्थीहरूको मानक विचलन उच्च रहेको छ । यसका आधारमा हेर्दा कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको क्षमतामा विविधता छ । निम्नदेखि उच्च क्षमता भएका विद्यार्थीहरू रहेको देखिन्छ ।

छ) विद्यालयको स्वरुप र लिङ्गगत आधारमा हेर्दा सरकारी र निजी र छात्रा र छात्र बीच विद्यार्थीहरूको क्षमतामा सामान्य अन्तर देखिए पनि तुलनात्मक अध्ययन गर्दा यी दुबै आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा सार्थक भिन्नता रहेको छैन।

## ५.३ उपयोगिता

प्रस्तुत अध्ययनको निष्कर्ष र सुझाव पश्चात् यसको निम्न उपयोगिताहरू रहने देखिन्छ ।

क) प्रस्तुत अध्ययनले नेपाली भाषा पाठ्क्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोगी भूमिका खेल्नेछ ।

ख) प्रस्तुत अध्ययनले विद्यालयतहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई ख्याल गरी उनीहरूको रुचिअनुसार पाठ्पुस्तक निर्माण गर्नु पर्दछ भन्ने कुरामा सहयोग गर्दछ ।

ग) प्रस्तुत अध्ययनले विद्यालय तहमा निबन्ध विधा शिक्षण प्रक्रियामा आवश्यक बोध गराउने छ ।

घ) भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने भाषिक सीपहरू विद्यार्थीहरूको क्षेत्र, लिङ्ग, स्थानीयता, भाषिक पृष्ठभूमि, उमेर, रुचि, आदि कुरामा विशेष ध्यान दिई समावेश गर्नुपर्दछ भन्ने कुरामा सचेत गराउनेछ ।

ङ) भाषा शिक्षणका विधि तथा पद्धतिहरूमा पनि थप सहयोग गर्नेछ ।

च) प्रस्तुत अध्ययनले लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।

छ) विद्यालय स्तरमा निबन्ध लेखन शिक्षणको महत्त्वबारे प्रष्ट पार्नेछ ।

ज) विद्यालय तहमा लेखाइ सीप विकासका कार्यक्रमको जानकारी दिनेछ ।

झ) निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धान अध्ययनका लागि यो अध्ययन आधार बन्नेछ ।

## ५.४ सुझाव

झापा जिल्लाका कक्षा ७ पूरा गरेका सरकारी र निजी विद्यालयका छात्र र छात्रा विद्यार्थीहरूको अध्ययन पश्चात् त्यहाँ देखिएका समस्याहरूलाई समाधान गर्नको लागि निम्न तिन तहमा सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

### ५.४.१ नीति निर्माण तह

यस तहअन्तर्गत पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका सन्दर्भमा निम्न सुझावहरू दिन सकिन्छ ।

क) निबन्ध लेखन लेखाइ सीपको एक विशिष्ट क्रियाकलाप भएकाले यसलाई भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा उचित ध्यान दिनुपर्छ ।

ख) भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको उमेर, क्षेत्र, लिङ्ग, स्थानीयता जस्ता पक्षलाई ध्यानमा राखी पाठ्यापुस्तकको छनोट र स्तरमा गर्नुपर्छ ।

ग) प्रत्येक निबन्ध विधा शिक्षणसँगै निबन्धलेखन शिक्षणलाई पनि अभ्यास खण्डमा समावेश गरिनु पर्छ ।

घ) विद्यालयतहमा निबन्ध विधालाई मात्र शिक्षण नगरी निबन्ध लेखन शिक्षणलाई विशेष जोड दिने खालका विषयवस्तुहरू छनोट र स्तरण गरिनुपर्छ ।

ङ) निम्नमाध्यमिक तह नेपाली भाषा विषयको प्रश्नपत्रमा निबन्धलेखन सम्बन्धी प्रश्नलाई अनिवार्य गर्नुपर्दछ ।

५.४.२ कार्यान्वयन तह

कार्यान्वयन तहअन्तर्गत निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

क)झापा जिल्लाका कक्षा ७ पूरा गरेका छात्र विद्यार्थी र छात्रा विद्यार्थीको निबन्ध लेखन क्षमतामा सामान्य अन्तर भएकाले उनीहरूलाई विभिन्न निबन्ध लेखन प्रतियोगिता कार्यक्रममा सहभागी गराउनु पर्छ ।

ख) निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर भएको कारणले उनीहरूलाई विभिन्न निबन्धात्मक कार्यक्रममा सहभागी गराई उनीहरूको इच्छा चाहाना अनुसारको शीर्षक दिई निबन्ध लेख्न लगाउनु पर्छ ।

ग) विद्यार्थीहरूको लेखनमा जाँच्ने मुख्य कसी निबन्ध लेखन हुने भएकाले लेखन क्षमता विस्तारका लागि समसामयिक विषयमा पर्याप्त निबन्ध लेख्न लगाउनु पर्छ ।

घ) निबन्ध लेखनकला विद्यार्थीको लेखनकला जाँच्ने विशिष्ट लेखाइ सीप भएकाले समसामयिक विषयमा विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाउनु पर्छ ।

ङ) कक्षा शिक्षणमा शिक्षकले निबन्ध लेखन शिक्षणका विविध कार्यकलापहरूको अवलम्बन गरी निबन्ध लेखन शिक्षण गराउनु पर्दछ ।

च) कुनै विषयमा विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाई आदि मध्य र अन्त्यको निबन्धात्मक ढाँचामा लेख्न प्रेरित गर्नु पर्छ ।

छ) नेपाली विषयमा नै विशिष्टीकरण विषयमा शिक्षकद्वारा पढाउनु पर्ने परिपाटीलाई कडाइका साथ लागु गरिनुपर्छ ।

ज) अध्यापनका क्रममा कालोपाटी नजिक उभिएर व्याख्यान विधिबाट मात्र नेपाली पढाउने परिपाटीको अन्त्य गरी विद्यार्थी केन्द्रित विधिबाट अध्यापन गराउनु पर्छ ।

झ) शैक्षिक भ्रमणमा लैजाने र जुन ठाँउमा गइन्छ सोही ठाँउका बारेमा विद्यार्थीहरूलाई निबन्धात्मक रचना लेख्न लगाई उनीहरूको लेखनलाई विकसित गराउनु पर्दछ ।

ञ) विद्यालयमा नेपाली पढाउने शिक्षकलाई बेलाबेलामा तालिका तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्छ ।

ट) निजी विद्यालयहरूमा नेपाली विषयलाई केवल औपचारिक रुपमा मात्र अध्यापन गराइनुले नेपाली भाषाप्रति सिर्जनात्मक लेखन क्षमता नै खुम्चिने हुँदा यस्तो परिपाटीको अन्त्य गर्नुपर्दछ ।

ठ) निबन्धलेखन कलाको विकासका लागि कम्तिमा हप्ताको एउटा विषय शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाई शिक्षकले लेखनप्रतिको विद्यार्थीको रुची जगाउनु पर्छ ।

५.४.३ भावी अनुसन्धान तह /पक्ष

अनुसन्धान एक निरन्तर चलिरहने प्रक्रिया हो । विषय र क्षेत्रअनुसार अनुसन्धान पनि फरक फरक हुन्छन् । एउटा सानो अनुसन्धानले मात्र कुनै पनि विषयको सम्पूर्णताको खोजी गर्न सक्दैन । यसका विभिन्न सीमा र अवरोधहरू हुन्छन् । जुनसुकै अनुसन्धान गर्दा पनि त्यसको पूर्णता प्राप्त गर्दा मात्र त्यसले सफलता प्राप्त गर्न सक्दछ । त्यसैले जुनसुकै विषयमा पनि अनुसन्धान गर्दा त्यससँग सम्बन्धित सम्पूर्ण पक्षको खोजी गर्नु पर्दछ । अतः प्रस्तुत अध्ययनसँग निकटवर्ती भावी अध्यापनका सम्भावित शीर्षकहरू निम्नानुसार रहेका छन् ।

क) कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको जीवन लेखन क्षमताको अध्ययन

ख) कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन

ग) कक्षा ७ मा अध्ययरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

घ) कक्षा ६ मा अध्ययरत विद्यार्थीहरूको अनुभव लेखन क्षमताको अध्ययन

ङ) प्राथमिक तह पूरा गरेका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन

च) कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

छ) कक्षा ७ पूरा गरेका विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन

ज) स्थानीयताका आधारमा कक्षा ८ मा अध्ययरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको

झ) कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

ञ) कक्षा आठमा अध्ययनरत विमातृभाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमताको अध्ययन

## सन्दर्भग्रन्थसूची


अधिकारी हेमाङ्गराज (२०५३), **नेपाली भाषा शिक्षण,** (ते.सं.) काठमाडौं : कुञ्जल प्रकाशन

.......................... (२०५३) **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

.......................... (२०५६) **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं रत्न पुस्तक भण्डार ।

अधिकारी हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), **प्रारम्भिक नेपाली शिक्षण** ( चौ.सँ.) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी महादेव र पारसमणि भण्डारी तथा अन्य (२०५९) **सरल नेपाली व्याकरण र रचना** ( कक्षा ९ र १० ) काठमाडौं एकता बुक्स ।

अधिकारी, हेमाङ्गराज र बद्री विलास भट्टराई ( सम्पा. २०६१) **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं : विद्यार्थी पुस्तक प्रा.लि. ।

आचार्य, होमप्रसाद (२०५४) **कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन** ( अप्रकाशित एम.एड. शोधपत्र ) त्रि.वि.कीर्तिपुर ।

उपाध्याय, केशवप्रसाद (२०५९) **साहित्य प्रकाश**, (छै. सं.) काठमाण्डौ शाझा प्रकाशन ।

उपाध्याय गुरूप्रसाद (२०६०) **कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** ( अप्रकाशित एम.एड. शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

कार्की, उपेन्द्र (२०५५) **शैक्षिक मापन तथा मूल्याङ्कन** , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कार्की, मित्रजङ्ग (२०७०) **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन**,(अप्रकाशित एम.एड. शोधपत्र) कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा ।

खनाल, पेशल (२०६१) **शैक्षिक अनुसन्धान पद्धति,** (दो.सं.) काठमाण्डौ : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स कीर्तिपुर ।

गौतम, देवीप्रसाद (२०५९) **नेपाली भाषा परिचय**, काठमाडौं साझा प्रकाशन ।

ज.ब.रा. स्वयंप्रकाश र अन्य (२०५८), **शिक्षामा मापन र मूल्याङ्कन**, काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७) **भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यटर्स ।

थापा, हिमांशु (२०५०) **साहित्य परिचय** (चौं. सं.), काठमाडौ : साझा प्रकाशन ।

थापा सुशीला (२०६१) **कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिन्ह प्रयोग क्षमताको अध्ययन,** (अप्रकाशित एम.एड.शोधपत्र ) त्रि.वि. कीर्तिपुर ।

निरौला, दिपकबाबु (२०६२), **कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** (अप्रकाशित एम.एड. शोधपत्र ) त्रि.वि. कीर्तिपुर ।

पोखेल बालकृष्ण (२०३२), **नेपाली भाषा र साहित्य**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु , चूडामणि (२०५२) , **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौ : रत्न पुस्तक भण्डार ।

भट्टराई, कमल (२०६९), **कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन** ,(अप्रकाशित एम.एड. शोधपत्र ) कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा ।

भट्टराई, रामप्रसाद (२०६८) **भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग,** काठमाण्डौ : शुभकामना प्रकाशन ताहाचल ।

भण्डारी, पारमाणि, रामनाथ ओझा र डोलाराज (२०६८) **भाषिक अनुसन्धान विधि,** काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा, गोपीकृष्ण (२०५५) **नेपाली निबन्धको परिचय** (नवौं. सं.) काठमाडौं : रत्न पुस्तक, भोटाहिटी ,

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०) **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाण्डौ न्यू हिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर ।

सुवेदी, राजेन्द्र (२०४३) **स्रष्टा-सृष्टि,द्रष्टा दृष्टि**, काठमाडौं : साझा प्रकाशन ।

# परिशिष्ट क

## निबन्ध मूल्याङ्कन नमुना तालिका

निबन्धको अङ्क निर्धारण गर्दा अध्येताद्वारा निबन्धात्मक प्रस्तुतिलाई श्रेणी विभाजन गर्दै श्रेणी अनुसार रेजा लगाउँदै अन्त्यमा योगफल निकालिएको छ ।

विद्यालयको प्रकृति : निजी लिङ्ग : छात्र

विद्यार्थीको नाम : रमेश खत्री मातृभाषा : नेपाली

निबन्ध शीर्षक : विद्यार्थी जीवनमा अनुशासनको महत्व

| विषयवस्तुको संयोजन | | | प्रस्तुतीकरण | | | | भाषिक शद्धता | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अत्युत्तम ३ | मध्यम २ | निम्न १ | अत्युत्तम ४ | मध्यम ३ | निम्न २ | निम्नतम १ | अत्युत्तम ३ | मध्यम २ | निम्न १ | १० |
| | ✓ | | | ✓ | | | | ✓ | | ७ |

परिशिष्ट ख

नमुना छनोट गरिएका विद्यालयहरू

सरकारीतर्फ

१. श्री पशुपति  माध्यमिक विद्यालय, राजगढ

२. श्री अमृत निम्न माध्यमिक विद्यालय, राजगढ

३. श्री भगवती निम्न माध्यमिक विद्यालय राजगढ

निजीतर्फ

१. दिव्यज्योति अंग्रेजी माध्यमिक विद्यालय, राजगढ, झापा

२. लिटर स्टार इङ्लिस बोर्डिङ्ग स्कूल राजगढ, झापा

३. ज्ञानज्योति बोर्डिङ्ग स्कूल, राजगढ, झापा

परिशिष्ट ग

## व्यक्तिगत विवरण



| | |
|---|---|
| नाम | नवराज पौडेल |
| जन्म मिति | २०४०/१०/२४ |
| पिता | जगन्नाथ पौडेल |
| माता | पम्फादेवी पौडेल |
| श्रीमती | सुशीला पौडेल |
| नागरिकता | नेपाली |
| धर्म | हिन्दू |
| स्थायी ठेगाना | राजगढ ५, झापा |
| शैक्षिक योग्यता | एम.एड. |
| संलग्न | लिटल स्टार बोर्डिङ्ग स्कूल |
| सम्पर्क | ९८२७५०४३४ |